# नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक)

## माथिल्लो त्रिशुली- १, जलविद्युत् आयोजना (२१६ मेगावाट), अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) कार्यसम्पादन मापदण्ड पालनासम्बन्धी स्वतन्त्र अध्ययन




CSRC
आत्मनिर्भर केन्द्र

# नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक)

## माथिल्लो त्रिशुली- १, जलविद्युत् आयोजना (२१६ मेगावाट), अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) कार्यसम्पादन मापदण्ड पालनासम्बन्धी स्वतन्त्र अध्ययन

अध्ययन प्रतिवेदन २०२२

© **प्रकाशक** : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**प्रकाशित प्रति** : १ हजार

**अनुवाद** : यज्ञस

**भाषा सम्पादन** : रघुनाथ लामिछाने

**संयोजन** : विश्वास नेपाली

**डिजाइन** : बिक्रम चन्द्र मजुमदार

# नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक)

## माथिल्लो त्रिशुली- १, जलविद्युत् आयोजना (२१६ मेगावाट), अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) कार्यसम्पादन मापदण्ड पालनासम्बन्धी स्वतन्त्र अध्ययन

अध्ययन
प्रतिवेदन
२०२२

CSRC
आत्मनिर्भर केन्द्र

# विषयसूची

**प्रकाशकको भनाइ** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ५

**संक्षिप्त शब्दहरू** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६

**कार्यकारी सारांश** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ७

**१. अनुसन्धान अध्ययन** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ७

**२. आयोजना परिचय** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १०

३. **तामाङ आदिवासी समुदाय** . . . . . . . . . . . . . . . . . . . . . . . . १२

**४. आयोजनाको प्रभाव** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १६

**५. अन्तराष्ट्रिय वित्तीय निगम कार्यसम्पादन मानक-७ (पिएस- ७) को मापदण्ड पालना** . . . . . . . . . . . . . . . . . . . . . . . . २६

६. **अध्ययनका सुझाव** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३९

कम्पनी (एनडब्लुइडिसी) ले गर्नुपर्ने काम . . . . . . . . . . . . . . . . . . ३९

आइएफसीले गर्नुपर्ने काम . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४०

अन्य लगानीकर्ताले गर्नुपर्ने काम . . . . . . . . . . . . . . . . . . . . . . ४१

प्रोजेक्ट आइपिपी गभर्निङ बोर्डले गर्नुपर्ने काम . . . . . . . . . . . . . . . . ४१

# प्रकाशकको भनाइ

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र विगत तीन दशकदेखि भूमि अधिकारका लागि क्रियाशील सामाजिक संस्था हो। संस्थाले भूमि अधिकारबाट वञ्चितहरूको सचेतीकरण र सङ्गठन, प्रगतिशील भूमि-कृषि व्यवस्थाको पक्षमा जनमत निर्माणका साथै कार्यगत अनुसन्धानसमेत गर्दै आएको छ। संस्थाले सञ्चालन गर्ने जुनसुकै कार्यक्रम जनमुखी भूमि व्यवस्था र दिगो, जैविक र पर्यावरणमैत्री कृषि प्रणाली सुदृढीकरणको लक्ष्यसँग प्रत्यक्षरूपमा गाँसिएको हुनुपर्ने यसको मान्यता छ।

यसै क्रममा यो केन्द्रले रसुवाका भूमि अधिकारबाट वञ्चितहरूको पक्षमा १५ वर्षदेखि आवाज उठाउँदै आएको छ। गुठीलगायतका विषयमा जिल्ला भूमि अधिकार मञ्च रसुवासँग मिलेर विशेषगरी हाकुका बासिन्दाको भूमि अधिकार प्राप्तिको लागि अभियानमा सघाउँदै आएको छ। तामाङ बाहुल्य यहाँका बासिन्दाको प्रायः जमिन गुठीको स्वामित्वमा छ।

अहिले यही क्षेत्रमा माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६) बनिरहेको छ। जुन आयोजनाले स्थानीयका जमिन अधिकरण गरेको छ भने उनीहरू विभिन्न प्रकारले थप प्रभावितसमेत बनेका छन्। त्यसैले आफूहरूले काम गर्दै आएको क्षेत्रमा बन्न लागेको योजना र त्यसले स्थानीयमा पार्ने असरका बारेमा गहिरो चासो रहेको छ।

यस आयोजनाबाट यस भेगमा पर्न जाने असर, एफपिक सहमति र सोको पालना आदि विषयमा सन् २०२२ मा अध्ययन गरिएको थियो। यसको मूल प्रति अँग्रेजी भाषामा OXFAM Novib, LAHURNIP, AIPP र IWGIA द्वारा प्रकाशन गरिएको छ। यो प्रकाशन सोही प्रतिवेदनको भावानुवाद हो।

यही क्रममा स्थानीय प्रभावित बासिन्दाले आयोजना, आफूहरूलाई पर्ने प्रभाव तथा त्यसको असरबाट सुरक्षित हुने उपायबारे थाहा पाउन् र आयोजनाका तर्फबाट प्रदान गरिने सहयोगबाट लाभ लिन सकून् भन्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशन गरिएको हो। प्रकाशक सामुदायिक आत्मनिर्भर सेवा केन्द्र रहे पनि यसको अध्ययन भने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अक्सफाम रहेको र उसैको सहमति लिएर यो प्रकाशन सार्वजनिक गरिएको हो।

यो प्रतिवेदन पढेर आयोजना प्रभावितले लाभ लिने सके र उनीहरू र आयोजनाबीच सुमधुर सम्बन्ध रहन सक्यो भने प्रकाशन सार्थक भएको ठान्ने छौं। प्रतिवेदन प्रकाशनका लागि खट्ने सबैजनाप्रति आभार व्यक्त गर्छौं।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

# संक्षिप्त शब्दहरू

आइपिपी : आदिवासी जनजाति योजना

आइएलओ : अन्तर्राष्ट्रिय श्रमिक सङ्गठन

आइएफसी : अन्तर्राष्ट्रिय वित्तीय निगम

आइडिए : अन्तर्राष्ट्रिय विकास संस्था

इआइए : वातावरणीय प्रभाव अध्ययन

इएसआइए : वातावरण तथा सामाजिक प्रभाव क्षेत्र

एआएफसी पिएस-७ : अन्तराष्ट्रिय वित्तीय निगमको कार्यसम्पादन मानक-७ (कार्यसम्पादन मानक- ७ ले आदिवासी जनजातिहरूको स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी अधिकारको रक्षा गर्ने उद्देश्य राखेको छ।

एजेएसी : आदिवासी जनजाति सल्लाहकार परिषद्

एमआइजिए : बहुपक्षीय लगानी सुनिश्चितता संस्था

एनडब्लुइडिसी : नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी

एफपिक : स्वतन्त्र, अग्रिम, सुसूचित सहमति

एओआइ : आयोजना प्रभावित क्षेत्र

एलएएलआरपी : जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम

एसइपी-जिआरएम : सरोकारवाला सङ्लग्नता योजना र गुनासो निवारण संयन्त्र

एडिबी : एसियाली विकास बैङ्क

एआइआइबी : एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैङ्क

एफएमओ : डच डेभलेपमेन्ट बैङ्क

एसइपी : सरोकारवाला सङ्गनता योजना

इपिसी : इन्जिनियरिङ्ग, खरिद र निर्माण

जिएपी : लैङ्गिक कार्य योजना

जिआरएम : गुनासो सुनुवाइ संयन्त्र’

जेडिए : संयुक्त विकास सम्झौता

डिएफए : माग ढाचाँ (फ्रेमवर्क) सम्झौता

सिबिडी : जैविक विविधतासम्बन्धी महासन्धि

टिपिए : त्रिपक्षीय सम्झौता

युएनएफसिसिसी : जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय फ्रेमर्वक कन्भेन्सन

# कार्यकारी सारांश

## नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक)- माथिल्लो त्रिशुली- १, जलविद्युत् आयोजना (२१६) : अन्तर्राष्ट्रिय वित्तीय संस्था (आइएफसी) कार्यसम्पादन मापदण्ड पालनासम्बन्धी स्वतन्त्र अध्ययन

## १. अनुसन्धान अध्ययन

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरीको पालना** : रसुवाका आदिवासी तामाङ समुदाय माथिल्लो त्रिशूली-१ (२१६ मेगावाट) जलविद्युत् आयोजनाबाट प्रत्यक्ष प्रभावित भएका छन् । सन् २००७ मा नेपालले आइएलओ अभिसन्धि-१६९ मा हस्ताक्षर गरेकाले स्थानीय तामाङ समुदायलाई आयोजनाका बारेमा सुसूचित हुने र अग्रिम सहमतिको अधिकार छ। आयोजनाका लगानीकर्ताले आदिवासी समुदायसँग सम्बन्धित आफ्ना परियोजना सञ्चालनसम्बन्धी नीतिहरू लागू गर्नु अनिवार्य हुने जनाएका छन् ।

नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्नपी (एनडब्लुइडिसी, यसपछि एनडब्लुइडिसी भनिनेछ) । एनडब्लुइडिसीले आयोजनाका कारण प्रभावित हुने तामाङ समुदायमा पर्न जाने विशेषतः ३ असरका कारण स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिनुपर्ने हुन आयो । जसमा (१) तामाङ समुदायको परम्परागत स्वामित्वमा रहेको र उनीहरूले प्रयोग गर्दै आएका जग्गामा र उनीहरूले प्रयोग गर्दै आएको प्राकृतिक स्रोतलाई व्यवसायीकरण गर्न कम्पनीको प्रस्ताव, (२) तामाङ समुदायले प्रथा वा परम्पराकारूपमा प्रयोग गर्दै आएका प्राकृतिक स्रोतमाथि आयोजनाले पार्ने गम्भीर असरहरू र (३) आफ्नो थातथलोबाट तामाङ समुदाय स्थानान्तरण हुन पर्नु ।

नेपाल सरकारले तामाङ समुदायलाई ‘आदिवासी’ को मान्यता दिएको छ। अन्तर्राष्ट्रिय

कानुनअनुसार आइएलओ १६९ को पालन गर्नका लागि नेपाल सरकारले एनडब्लुइडिसी कम्पनीलाई आयोजना प्रभावित तामाङ समुदायमा एफपिक लागू गराउनुपर्छ।

अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) परियोजना सह-विकासकर्ता र ऋण प्याकेजको नेतृत्व प्रबन्धकले संयुक्त विकास सम्झौता (जेडिए) २०६८ फागुन (मार्च २०१२) मा हस्ताक्षर गर्दा यसलाई संस्थागतरूपमै रणनीतिक परियोजनासँगै सञ्चालन गर्ने अपेक्षा गरिएको थियो।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) को दस्ताबेजीकरण** : कम्पनीले सन् २०१८ नोभेम्बर १ (वि.सं. २०७५ कात्तिक १५) मा आयोजना प्रभावित तामाङ समुदायसँग आदिवासी समुदाय योजना (आइपिपी) का लागि त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्दै स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लियो।

आयोजनाको त्रिपक्षीय सम्झौता ऐतिहासिक थियो। नेपालमा यसअघि कुनै पनि जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रका आदिवासी समुदायसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी नलिएकाले यो पहिलो थियो। अहिलेको मितिसम्म पनि ठूला निजी क्षेत्रले पनि स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी कार्यान्वयन गरेका छैनन्। अन्तर्राष्ट्रिय वित्तीय संस्था (आइएफसी) ले तामाङ समुदायसँगको उक्त स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी नेपालमा ठूला विकास पूर्वाधार निर्माणमा आदिवासी समुदायको सहमतिका साथ उनीहरूलाई कसरी साझेदारका रूपमा लैजान सकिन्छ भन्ने उदाहरण भएको जनाएको छ।

विभिन्न समयमा गरेका महासन्धि, सन्धि र घोषणापत्रअन्तर्गत नेपाल सरकारको दायित्व, लगानीकर्ताको नीतिमा देखिएका केही अप्ठ्यारोका कारण पनि तामाङ समुदायसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिन कठिन भयो। आइएलओ महासन्धि-१६९ र लगानीकर्ताको नीतिअन्तर्गत कम्पनीले आइएफसीमा संलग्न भएको करिव ७ वर्षपछि तामाङ समुदायसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिएको थियो।

जग्गा अधिग्रहण र आदिवासी समुदायको विस्थापनपछि कम्पनी स्वतन्त्र, अग्रिम र जानकार ीसहितको मन्जुरीको प्रक्रियामा गएको थियो। स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरीको दस्ताबेजीकरण र परामर्शमा समुदायको ठूलो हिस्सा सहभागी थिएन। स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाका लागि तामाङ आदिवासी जनजातिहरूबीच सहमति कायम गर्न र नेतृत्व छनोट गर्न आवश्यक पर्ने पर्याप्त समय छुट्याइएन। प्रक्रियामा परम्परागत स्वशासनसम्बन्धी संस्थाहरूलाई पनि सहभागी गराइएन।

वन उपभोक्ता समूहसँगको सहमति पनि वन विभागका माध्यमबाट लिइयो। प्रथाजनितरूपमा रहँदै आएको निर्णयमा महिलाको भूमिकालाई पनि एफपिक प्रक्रियाका क्रममा नजरअन्दाज गरियो।

**अध्ययनको क्षेत्र** : यो अध्ययन अक्सफाम इन्टरनेसनलका लागि गरिएको हो । यसका ४ वटा विशेष उद्देश्य छन् । जुन यसप्रकार छन्- (१) आइएफसी कार्यसम्पादन मापदण्ड-७ अन्तर्गत रहेर कम्पनीको एफपिक पालनासम्बन्धी मूल्याङ्कन गर्ने, (२) कम्पनीले प्रभावित तामाङ समुदायसँग एफपिक गर्दा/लिँदा उनीहरूको दृष्टिकोण के/कस्तो थियो पत्ता लगाउने, (३) आयोजना प्रभावित तामाङ समुदायसँग एफपिक गर्दा अपनाइएको प्रक्रिया मूल्याङ्कन गर्ने र (४) एफपिक सम्झौता कार्यान्वयन गर्नका लागि विशेष सुझावहरू पेस गर्ने ।

ठूला विकास पूर्वाधार आयोजना बनाउँदा आदिवासी समुदायको सहभागिता बढाउनका लागि स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाको मापदण्डका साथै वातावरणीय तथा सामाजिक दिगोपनाका लागि आइएफसी कार्यसम्पादन मापदण्ड-७, (२०१२) लाई आधार बनाइ यो अध्ययन गरिएको छ । सोही मापदण्डमा रहेर आयोजना निर्माणका लागि लगानीकर्ताहरू तयार भएका छन् । आदिवासी समुदायसम्बन्धी लगानीकर्ताको नीतिका साथै स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रिया (एफपिक), त्रिपक्षीय सम्झौताको कार्यान्वयन र आइपिपीसम्बन्धी विषय पनि अध्ययनको क्षेत्र हुन् । आइपिपी कार्यान्वयनकै विषयमा आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायका महिला र पाका पुस्ताका व्यक्तिको आवाज रेकर्ड गर्ने काम पनि अध्ययनका क्रममा भएको छ ।

**अध्ययनको विधि** : यस अध्ययनमा समाज विज्ञानको विधि अपनाइएको छ । विशेषगरी पूर्वकार्यको समीक्षा, सरोकारवालासँग परामर्श, लक्षित समूहसँग छलफल, मुख्य सूचनादातासँग अन्तर्वार्ताका साथै लैङ्गिक विश्लेषण गरी अग्रिम तथ्याङ्क लिइएको छ । प्राविधिक विज्ञहरू सम्मिलित ३ जनाको टिमले अग्रिम तथ्याङ्क सङ्कलन गरेको हो । जसमा मानवशास्त्री तथा एफपिक विज्ञ, लैङ्गिक विज्ञ र सामुदायिक सङ्गठन विज्ञ सहभागी थिए ।

लैङ्गिक विश्लेषण लैङ्गिकरूपमा छरिएर रहेका तथ्याङ्क सङ्कलन गर्न, असमानता छुट्याउन र दस्ताबेजीकरणका लागि गरिएको हो । निर्णयमा महिलाको भूमिका र लैङ्गिक सामाजिक आर्थिक प्रभाव छुट्याउनका लागि यो विश्लेषण गरिएको हो ।

यस विश्लेषणले लैङ्गिक विशिष्ट उपायहरू पहिचान गऱ्यो जुन एफपिक प्रक्रिया चरणमा लिनुपर्ने थियो । लक्षित समूह छलफल र अन्तर्वार्ताहरूबाट प्राप्त विवरणलाई प्रमाणीकरण गर्नका लागि मुख्य २ वटा (परियोजना क्षेत्र रसुवा र काठमाडौँमा) कार्यशाला आयोजना गरियो । कार्यशालामा मुख्य सरोकारवाला समूहका प्रतिनिधि सहभागी थिए ।

आयोजनासम्बन्धी जानकारीका लागि द्वितीय तथ्याङ्कमा निर्भर पर्नुपर्ने अध्ययनको सीमितता थियो । सार्वजनिकरूपमा प्राप्त नभएका आयोजनासम्बन्धी जानकारी अनुसन्धान टिमले सम्बन्धित निकायहरूबाट पनि पाउन सकेन । आयोजनाको समीक्षासम्बन्धी जानकारी सार्वजनिकरूपमा प्राप्त नभएकाले पनि पूर्वकार्यको समीक्षा प्राप्त गर्नका लागि सीमितता भयो ।

यस अध्ययनले विभिन्न सामाजिक समूहले गुणात्मक मूल्याङ्कन र परिमाणात्मक सर्भेका आधारमा गरेका फिल्ड अनुसन्धानका तथ्याङ्कहरूलाई पनि समेटेको छ।

अध्ययन प्रतिवेदनको मस्यौदा आयोजनाका मुख्य सरोकारवाला कम्पनी, आइएफसी, एसियाली विकास बैङ्क (एडिबी), एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैङ्क (एआइआइबी), डच डेभलेपमेन्ट बैङ्क (एफएमओ) लाई टिप्पणी र आयोजनाका बारेमा थप जानकारीका लागि पठाइएको थियो। मस्यौदामा प्रमुख संस्थाहरूबाट उल्लेख्य मात्रामा टिप्पणी एवं सुझावहरू प्राप्त भए। सरोकारवाला संस्थाबाट प्राप्त भएका टिप्पणी र सूचनाहरू अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ।

साथै मस्यौदा प्रतिवेदनलाई नेपालको प्रचलित कानुन र परम्परागत विधि एवं मान्यताहरूसँग एकरूपता कायम गर्नका लागि २ जना कानुनविद्द्वारा समीक्षा गराइएको थियो।

## २. आयोजना परिचय

**आयोजनाको प्राविधिक परिचय :** यो परियोजनालाई स्थानीयहरू २१६ भनेर चिन्छन्। माथिल्लो त्रिशूली-१ आयोजना नेपालकै तेस्रो ठूलो जलविद्युत् आयोजना हो। आयोजनास्थल भएको त्रिशूली नदी नेपालका जलविद्युत् आयोजनाहरूमा सबै भन्दा ध्यान केन्द्रित गरेको नदी हो। अहिले सञ्चालनमा रहेका र निर्माणाधीन आयोजनाहरू रन अफ रिभर (नदी बहने) मा आधारित आयोजना हुन्। नेपालमा हाल बेसिनमा डिजाइन, निर्माण र सञ्चालनमा विभिन्न चरणमा ७१ वटा जलविद्युत् कम्पनीहरू छन्।

स्थानीय आदिवासी तामाङ समुदायले कृषि तथा पशु पालनका लागि प्रयोग गर्दै आएको भूमिमा भौतिक संरचना बनिरहेका छन्।

ठूलो क्षेत्रफलमा फैलिएको आयोजनाको भौतिक पूर्वाधारमा डाइभर्सन ड्याम, एउटा हेडरेस टनेल, भूमिगत पावर हाउसका साथै अन्य संरचना छन्।

आयोजना डाइभर्सन बाँध भोटेकोसी नदी र गोसाइँ-कुण्ड नदीको सङ्गममा साँघुरो खोलाभित्र पर्छ। १०१ मिटर चौडाइमा फैलिएको बाँधले २.१ हेक्टर जमिन ओगट्नेछ।

यो जलविद्युत् परियोजनामा ९.८२ मिटर लम्बाइको हेडरेस टनेलले ७६ क्युबिक मिटर प्रतिसेकेन्डका दरले पावर हाउसमा पानी पठाउनेछ। पावर हावउसबाट भने त्रिशूलीमा १०.७ क्युबिक मिटर प्रतिसेकेन्डका दरले पानी फिर्ता गर्नेछ। यसले त्रिशूलीको प्राकृतिक बहावमा ९० प्रतिशतले ह्रास आउनेछ।

डाइभर्सन बाँधबाट त्रिशूली नदीको १५ किलोमिटर टाढा पर्ने मैलुङ र त्रिशूली नदीको सङ्गममा पावर हाउस बनाइएको छ। पावर हाउसलाई २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको थियो।

आयोजनालाई चाहिने विभिन्न सहायक संरचना आयोजना क्षेत्र वरपर छन्। यी संरचनामा स्विचबोर्डदेखि सडकको पहुँच, डिस्पोजल क्षेत्र, ढुङ्गाखानीलगायत छन्। त्रिशूली नदीको किनारमा रहेको पहरैपहरामा २०.३० किलोमिटर सडक बनाउने योजना थियो। जसले डाइभर्सन ड्याम र पावर हाउसलाई जोड्ने काम गर्छ। आयोजनासँग सम्बन्धित संरचनामा मुख्य गरी वैकल्पिक पहुँच सडक र पावर ट्रन्समिसन लाइन छन्। जसका लागि ठूलो सङ्ख्यामा रुख काट्नुपर्ने हुन्छ। पहिले नै योजना बनाइएको वा आंशिकरूपमा निर्माण भएको सडकका अलावा आयोजनाका लागि वैकल्पिक सडकसमेत निर्माण गरिएको छ। जसलाई स्थानीयहरू 'सैनिक सडक' का नामले समेत चिन्छन्। राष्ट्रिय निकुञ्जभित्र पर्ने यो सडक ३० मिटर चौडाइको छ। आयोजनाले पनि १.२ किलोमिटर लम्बाइ र ३० मिटर चौडाइको सिङ्गल सर्किट २२० केभीको पावर ट्रान्समिसन लाइन हाइटेन्सन ट्रान्समिसन लाइनसँग जोड्न आवश्यक रुट वन रहेको निकुञ्ज क्षेत्रमा बनाउनुपर्नेछ।

**आयोजनाको वित्तीय परिचय** : यो आयोजना अहिलेसम्मकै ठूलो वैदेशिक लगानीमा बन्न लागेको छ। आयोजना विकास सम्झौताअनुसार कम्पनीले ३० वर्ष आयोजना सञ्चालन गर्नेछ। बिल्ड-वन-अपरेट-ट्रान्सफर स्किमअनुसार आयोजनाको ड्याम निर्माण हुनेछ।

आयोजनाको कुल लागत ६४७.४ मिलियन अमेरिकी डलर (६३ अर्ब रुपैयाँ) हुनेछ। त्यसमध्ये १९४.२ मिलियन डलर (१९ अर्ब रुपैयाँ) सेयर र ४५३.२ मिलियन डलर (४४ अर्ब रुपैयाँ) ऋणबाट जुटाइनेछ।

यो आयोजनामा एनडब्लुइडिसी कम्पनीको ३० प्रतिशत (१९४.२ मिलियन अमेरिकी डलर) सेयर छ। यो आयोजनामा बहुसङ्ख्यक कोरियाली कम्पनीहरू (कन्सोर्टियम) छन् जसको ७५ प्रतिशत लगानी छ। यस्तै स्थानीय साझेदारको १० प्रतिशत लगानी छ। र, आइएफसी १५ प्रतिशतको सेयर होल्डर र आयोजनाका लागि ऋणको प्रबन्ध मिलाउने संस्था हो।

आयोजनाको इन्जिनियरिङ, खरिद र निर्माण ठेकेदारमा, मुख्य निर्माण चरणका लागि इपिसी कन्स्ट्रक्सनका रूपमा दक्षिण कोरियाको डुसान हेभी इन्डस्ट्रिज एन्ड कन्स्ट्रक्सन रहेको छ भने पावर चाइना सब–इपिसी ठेकेदारका रूपमा छ।

कुल लागतको ७० प्रतिशत ४५३.२ मिलियन डलर (४४ अर्ब रुपैयाँ) लगानीकर्ताले ऋण दिनेछन्। लगानीकर्तामा आईएफसी, एडिबी, एआइआइबी र एफएमओ छन्।

अतिरिक्त ऋणको सुनिश्चितता विश्व बैङ्कको अन्तर्राष्ट्रिय विकास संस्था (आइडिए) र बहुपक्षीय लगानी सुनिश्चितता संस्था (एमआइजिए) बाट आउन सक्ने सम्भावना छ।

## ३. तामाङ आदिवासी समुदाय

**रसुवाका तामाङ** : रसुवाका तामाङ समुदाय विशिष्ट विशेषतासहितको आदिवासी समुदाय हो। भूमि र प्राकृतिक स्रोतमा सामूहिक स्वामित्व, प्राकृतिक स्रोतमाथि निर्भरता तथा प्रथाजनित नियमनकारी संस्थाहरूको जीवन्तता रसुवाका तामाङ समुदायको विशेषता हुन्। त्यस्तै महिलाको पुरुष बराबर हैसियत, धार्मिक समन्वय र तामाङ भाषाको अभ्यास पनि उनीहरूको विशेषता हो। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनअनुसार आदिवासी जनजातिको ५९ प्रकारमध्ये तामाङ एक हुन्।

**जमिन र स्रोतमा सामूहिक स्वामित्व** : जमिन र प्राकृतिक स्रोतमा सामूहिक स्वामित्वको परम्परालाई तामाङ समुदायले आजसम्म पनि कायम राख्दै आएका छन्। यो सामूहिक स्वामित्वलाई ऐतिहासिक कालखण्डदेखि नै नेपालका शासकहरूले मान्यता दिँदै आएका थिए। उनीहरू अहिले पनि सामूहिक स्वामित्वको अभ्यास गर्दैछन्। तामाङहरू 'गोत्रको जरा गाडिएको भूमि' भनेर कुल परम्परालाई विशेष महत्व दिन्छन्। यस्तो कुल परम्परामा विभिन्न प्रकारका विनिमय आधारित सम्बन्धहरू छ जुन उनीहरू लामो समयदेखि अभ्यास गरिरहेका छन्। यो पक्ष धर्म र संस्कृतिसँग पनि जोडिएको छ।

**प्राकृतिक स्रोतमा सामाजिक-आर्थिक निर्भरता** : रसुवाका तामाङ समुदायको प्राकृतिक-जङ्गल र नदी स्रोतमा उच्च सामाजिक-आर्थिक निर्भरता छ। सामान्यतया जङ्गल काठ, दाउरा, पशु पालन र औषधिजन्य जडीबुटी प्रयोजनका लागि उपयोग गर्छन्। र, नदी माछा मार्न र सिँचाइका लागि उपयोग गर्दै आएका छन्।

**स्वशासित प्रथाजन्य संस्था** : आफू बस्दै आएको थातथलोमा रहेका प्राकृतिक स्रोतहरू जङ्गल र नदीको व्यवस्थापनका लागि रसुवाका तामाङ समुदायले स्वशासित प्रथाजन्य संस्थाहरूको भूमिकालाई निरन्तरता दिँदै आएका छन्। यस्तो कार्यमा उनीहरू सामूहिक निर्णय लिन्छन्, जसले गर्दा प्राकृतिक स्रोतहरूको उचित उपयोग र व्यवस्थापन गर्न सकियोस्। उनीहरूले परम्परागत सामाजिक संस्थाहरूलाई सङ्गठित, व्यवस्थापन र नियमन गर्दै आएका छन्। यस्तो परम्परागत कानुनहरू समुदायमा पूर्णरूपमा प्रभावकारी कार्यान्वयनमा छ र यसले गाउँले जीवनमा बलियो प्रभाव पारेको छ।

**लैङ्गिक समानता** : तामाङहरू पहिलेदेखि नै निर्णय लिने कुरामा लैङ्गिकरूपमा समानता भएको समुदाय हो। यो लैङ्गिक समानता अहिले पनि घर वा समुदायको निर्णय प्रक्रियामा

देख्न पाइन्छ। तर सार्वजनिक निर्णयका सन्दर्भमा भने महिलाको भूमिकालाई नजरअन्दाज गरिएको पनि छ। पितृसत्तात्मक मूल्य/मान्यता र सामाजिक राजनीतिक दबाबको समूहका कारण महिलाको कतिपय परम्परागत भूमिकालाई समेत नजरअन्दाज गरिएको छ। सार्वजनिक निर्णय प्रक्रियामा सरकारले नै महिलालाई सहभागी नगराउँदा तामाङ महिलामा पनि लैङ्गिक असमानता बढ्दै गएको छ।

**धार्मिक समन्वयको अभ्यास** : रसुवाका तामाङहरूले आत्मवाद र तिब्बती बुद्ध धर्मको मिश्रित रूप अङ्गालेका पाइन्छ। जसलाई लामा संस्कृतिका रूपमा पनि चिनिन्छ। तामाङ समुदायले पवित्र स्थल, अपवित्र स्थल, वेदी, दुष्ट आत्मा जस्ता अलौकिक वस्तुहरूमा विश्वास राख्दै आएका छन्। उनीहरूले प्रकृतिमा रहेका जल, भूमि, हिमाल, वन, खोला नदी, ताल, पोखरी, आकाश चन्द्रमा, पृथ्वी, सूर्य र तारालाई पवित्र देवताका रूपमा मान्दै आएका छन्।

**तामाङ भाषा** : नेपालमा भोट-बर्मेली भाषा धेरै प्रचलनमा रहे पनि रसुवाका तामाङले भने तामाङ भाषा नै बोल्दै आएका छन्। परिवारमा रहेका पाका महिला तामाङ भाषा नै बढी बोल्ने गर्छन् भने नेपाली भाषामा उनीहरू कमजोर देखिन्छन्। कतिपय त नेपालीमा कुरा गर्न नसक्ने र असहज मान्ने अवस्थाका पनि छन्। पछिल्लो समयमा आमसञ्चारले तामाङ भाषा प्रवर्द्धनमा पनि सहयोग गरिरहेका छन्। विद्यालयमा पनि तामाङ भाषाको पढाइ हुन थालेका छन्। तर तामाङ महिला पुरुष साधारणतया अङ्ग्रेजी पढ्न सक्दैनन्।

**ऐतिहासिक अधीनताको सिकार** : सामान्यरूपमा तामाङ र खासगरी रसुवाका तामाङ ऐतिहासिक अधीनताको सिकारमा परेका र सामाजिक तथा सांस्कृतिकरूपमा विभेदमा पारिएको समुदाय हो। रसुवाका तामाङहरूले इतिहासका विभिन्न कालखण्डमा धर्म र संस्कृतिकै आधारमा राज्य व्यवस्थाबाट बहिर्गमन र संरचनागत विभेदको सामनासमेत गर्नुपर्‍यो। तामाङहरूको पुर्ख्यौली जमिन अधिग्रहणका नाममा राज्यबाट जफतसमेत भयो। राजनीतिकरूपमा सीमान्तकृत भएको अवस्थामा उनीहरूले अधिग्रहणविरुद्ध आवाज उठाउनसमेत सकेनन्।

सन् १९५७ (वि.सं. २०१४) मा तामाङहरूको पुर्ख्यौली जमिन रहेको क्षेत्रसमेतका सबै वन राज्यले सरकारीकरण गर्‍यो। लगत्तै सन् १९७६ (वि.सं. २०३३) मा सरकारले रसुवाका तामाङ समुदाय बस्दै आएको जमिनको ५ मध्ये ३ भाग ठूलो राष्ट्रिय निकुञ्ज (१७१० वर्ग किमी) का रूपमा छुट्यायो। अहिले तामाङहरूले आफ्नो पुर्ख्यौली थातथलोका रूपमा प्रयोग गर्दै आएको जमिन र क्षेत्रमा ठूला जलविद्युत् आयोजनाहरू बनिरहेका छन्। यस्ता आयोजना बन्दा तामाङहरू विस्थापित हुन बाध्य पारिएका छन् भने जलविद्युत् लगानीकर्ताहरूले उनीहरूलाई निर्णय प्रक्रियामा पनि कमजोर पारेका छन्।

**तामाङ समुदायले भोगेका चुनौती** : रसुवाका तामाङ समुदाय इतिहासदेखि नै नेपालको

राजनीतिक तथा सामाजिक आर्थिक उथलपुथलको साक्षीका रूपमा रहे पनि उनीहरूको कुनै प्रभाव भने परेन । अहिले चीन र भारतबीच व्यापार सहजीकरणका लागि त्रिशूली किनारबाट अन्तर्राष्ट्रिय राजमार्ग निर्माण भइरहेको छ । यो तामाङ क्षेत्र सन् २०१५ (वि.सं. २०७२) को गोरखा भूकम्पबाट पनि नराम्ररी प्रभावित भयो । रसुवाका कुनै कुनै गाउँबाट उनीहरू पूर्णरूपमा भूकम्पका कारण विस्थापितसमेत भएका छन् । भूकम्पबाट बढी प्रभावित हुने जिल्लामा रसुवा पनि पर्छ ।

**आयोजना प्रभावित तामाङ समुदाय** : आयोजना प्रभावित क्षेत्रमा ९३.६ प्रतिशत तामाङ समुदायको बसोबास छ । त्यस्तै आयोजना क्षेत्रमा तामाङ समुदायको बसोबास भौगोलिकरूपमा छरिएको, सामाजिक आर्थिकरूपमा मारमा परेका र थोरै जमिन रहेका छन् । साथै यो समुदाय कृषिमा आधारित प्राकृतिक प्रकोपको ठूलो जोखिममा रहेको समुदायसमेत हो ।

**छरिएको बसोबास** : आयोजना प्रभावित क्षेत्रमा तामाङहरू भौगोलिकरूपमा छरिएर बसोबास गरेका छन् । रसुवामा तामाङ समुदायको मुख्य बसोबास समुन्द्री सतह भन्दा ३००० मिटर भन्दा माथिको उचाइमा, चट्टानी भिराला जमिन र नदीको गल्छी तथा डरलाग्दा छाँगामाथि रहेका छन् । सीमित समथल भूभागका कारण कृषिका लागि उब्जनीजन्य जमिन निकै कम छ ।

**सामाजिक आर्थिकरूपमा पछाडि पारिएको समुदाय** : भौगोलिकरूपमै एक्लिएको आयोजना प्रभावित क्षेत्रका तामाङ समुदाय सामाजिकरूपमा पनि पछाडि पारिएको समुदाय हो । यहाँका १७.९ प्रतिशत तामाङ परिवार ३० मिनेटको पैदल दूरी हिँडेपछि मात्र सडक भेट्छन् । उनीहरूलाई सीमित सामाजिक अन्तर्क्रियामा खुम्च्याइएको छ । आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायको सामाजिक सेवामा पनि पहुँच कम छ ।

**थोरै जमिनमा स्वामित्व** : आयोजना प्रभावित क्षेत्रका तामाङहरूसँग थोरै जमिनमा मात्र स्वामित्व छ । परम्परागतरूपमा प्रयोग गर्दै आएको जमिनको क्षेत्र बढी भए पनि भिरालो र चट्टानी प्रकृतिका भएकाले खेतीपाती थोरै जमिनमा मात्र हुँदै आएको छ । प्रतिघरधुरी औसत ०.२९ हेक्टर जमिनको स्वामित्व छ भने ०.४४ हेक्टर जमिन लिज (भाडा) मा लिएका छन् । ७२ प्रतिशत भूमिहीन वा सीमान्त जमिन (० देखि ०.५ हे.) भएकाहरू छन् । २८ प्रतिशत साना किसान (०.५ देखि २ हे.) छन् । यी जमिन पनि धेरै गुठीको नाममा दर्ता गरिएको छ ।

**कृषि तथा पशु पालनमा आधारित** : प्राकृतिक स्रोतमाथि निर्भरता बढी हुनुका साथै आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायको आम्दानीको मुख्य स्रोत भने कृषि तथा पशु पालन नै हो । विशेषगरी पशु पालन, मकै र आलु खेती । पशु पालन मुख्य नगद आम्दानीको स्रोत हो । उनीहरूले मौसमी चरन प्रणालीको अभ्यास पनि गर्दै आएका छन् । गर्मीमा पशुहरूलाई उच्च पहाडी क्षेत्रमा लाने र जाडो मौसममा बेसी भागमा चरनका लागि लाने/ल्याउने अभ्यास

गर्छन् । ८९ प्रतिशत घरको मुख्य जीविकोपार्जनको स्रोत नै पशु पालनसहितको कृषि हो । तामाङहरूका लागि कृषि-पशु पालनको अभ्यास सामाजिकरूपमा महत्वपूर्ण छ किनकि उनीहरू भेडा र चौँरी चराउने काम परम्परादेखि नै गर्दै आएका छन् ।

**प्राकृतिक प्रकोपको जोखिम** ः आयोजना प्रभावित क्षेत्रका तामाङ समुदाय पहिरो, बाढी, आगलागी तथा भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिममा छन् । भिरालो जमिन र जोखिमयुक्त भौगोलिक अवस्थितिका कारण पनि प्राकृतिक प्रकोपको जोखिम बढी छ ।

**आयोजना प्रभावित क्षेत्रका तामाङहरूको स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) अधिकार** ः जग्गा अधिग्रहण, स्थानीय भूभाग र प्राकृतिक स्रोतहरू व्यावसायिक प्रयोजनका लागि कम्पनीले लिएपछि आयोजना प्रभावित क्षेत्रका तामाङ आदिवासी समुदायलाई स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) अधिकार दिइएको हो । एफपिकलाई स्थानीय आदिवासी जनजातिहरूलाई उनीहरूको अधिकारको अभ्यास गर्नका लागि एक मान्यता प्राप्त सिद्धान्तका रूपमा लिइएको छ । जसमा मुख्य ३ वटा सर्त छन् । जुन एफपिक प्राप्त गर्नका लागि उनीहरूले पूरा गर्नुपर्छ । यो धम्की, जबर्जस्ती हेरफेर र उत्पीडनबाट मुक्त हुनुपर्छ । आयोजनाले आदिवासी जनजाति समुदायमा पर्ने प्रभावहरू ल्याउनुअघि नै एफपिक लागू हुनुपर्छ । यो विषयमा आदिवासी जनजाति समुदाय सूचित हुनुपर्छ ।

**लगानीकर्ताको परिचालनसम्बन्धी नीतिअन्तर्गतको स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी अधिकार** ः मुख्य लगानीकर्ताहरू (आइएफसी, एडिबी, एआइआइबी, एफएमओ) ले आफ्नो परिचालन नीतिमा एफपिकमा आदिवासी तामाङको अधिकार रहने निर्धारण गरेका छन् । आइएफसी पिएस-७, २०१२ (वि.सं. २०६९) अनुसार आयोजना निर्माणका लागि सम्झौता गरेका हुन् । यो आयोजनामा लगानीकर्ता संस्थाको परिचालन नीतिहरू लागू हुन्छन् र उनीहरूले विभिन्न सञ्चालन नीति बनाएका छन् । आइएफसी पिएस-७, २०१२ (वि.सं. २०६९) ले ३ वटा सर्त अघि सारेको छ जसले आयोजना प्रभावित क्षेत्रका आदिवासी समुदायका विभिन्न सवाललाई सम्बोधन गर्ने गरी स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिनुपर्छ भनेको छ- (क) परम्परागतरूपमा भोगचलन गर्दै आएको जमिन र प्राकृतिक स्रोतमा पर्ने प्रभाव, (ख) आदिवासी समुदायलाई पहिलेकै अवस्थाको अनुभूति हुने गरी स्थानान्तरण, (ग) महत्त्वपूर्ण सांस्कृतिक सम्पदामा प्रभाव । यो आयोजनाले तामाङको पराम्परागत स्वामित्व र परम्परागतरूपमा प्रयोग गर्दै आएको जग्गा र प्राकृतिक स्रोतमा असर गर्नेछ । र, आदिवासी तामाङ जनजातिलाई भौतिकरूपमा स्थानान्तरण गराउँछ ।

**अन्तर्राष्ट्रिय सन्धि र राष्ट्रसङ्घीय संयन्त्रअन्तर्गत स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) दायित्व** ः लगानीकर्ताहरूले आयोजना निर्माण गर्ने देशको राष्ट्रिय कानुन उपयुक्त छ वा छैन भन्ने सुनिश्चित गर्नुपर्छ । त्यस्ता कानुन अन्तर्राष्ट्रिय कानुनसम्मत

छन् वा छैनन् र ती कानुन पालना भएका छन् वा छैनन् भन्ने पनि हेर्नुपर्छ । लगानीकर्ताहरूले आयोजना निर्माण गर्ने देशका लागि के/कस्तो दायित्व पूरा गर्नुपर्छ भन्ने बाध्यता छन् । त्यसको पनि सुनिश्चित गर्नुपर्छ ।

आयोजनाको अभिलेख दाबी गर्छ कि एफपिक लगानीकर्ताहरूका लागि मात्र आवश्यक हो । यो नेपालका लागि आवश्यक होइन ।

आयोजना प्रभावित तामाङ समुदायका लागि स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी सरकारले गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतको दायित्व हो । आदिवासी जनजातिको एफपिक अधिकारलाई मान्यता दिने दायित्व आइएलओ-१६९ (सेप्टेम्बर २००७ (वि.सं. २०६४, असोज) मा नेपाल सरकारद्वारा अनुमोदित) अनुसार हुन्छ । नेपाल सरकार विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएकाले दायित्वबद्ध छ । नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि गरिएका अन्तर्राष्ट्रिय सन्धि र सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको पक्ष राष्ट्र हो ।

नेपालले जैविक विविधतासम्बन्धी महासन्धि (सिबिडी) र जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय फ्रेमवर्क कन्भेन्सन (युएनएफसिसिसी) मा पनि हस्ताक्षर गरेको छ ।

## ४. आयोजनाको प्रभाव

तामाङ समुदायको परम्परागत बसोबास रहेको क्षेत्रमा ठूलो जलविद्युत् आयोजना निर्माण भइरहेकाले यसको प्रभाव व्यापक पर्ने देखिन्छ । यसले व्यापक वातावरणीय, आर्थिक तथा सामाजिक सांस्कृतिक प्रभाव निम्त्याएको छ भने भविष्यमा पनि निम्तने सम्भावना छ । भौगोलिक अवस्थितिका कारण पनि ती प्रभाव सङ्ख्या तथा तहका हिसाबले अधिक र जोखिमयुक्त हुने सम्भावना छ ।

**आयोजनाको अवधि** : आयोजनाको अवधिलाई ३ चरणमा छुट्याइएको छ ।

**आयोजनाको अध्ययन अवधि सन् २००७-२०११ (वि.सं. २०६४-२०६८)** : यो अवधि आयोजनाको प्रारम्भिक योजनाको अवधि हो । यो अवधिमा रणनीतिक लगानीकर्तालाई नियामक आवश्यकता पूरा गर्नका लागि इआइए तयार गर्न अनुमति दिइएको थियो । सन् २०११ (वि.सं. २०६८) मा सरकारले आयोजना एओआइ विस्तार गर्न र आयोजनाको क्षमता २१६ मेगावाट विस्तार गर्न संशोधित योजना स्वीकृत गर्‍यो । आयोजनाले यस अवधिमा आवश्यक जग्गाको सर्भेक्षण र पहिचान पनि गरेको थियो । त्यसपछि तामाङ आदिवासी जनजातिको परम्परागत जग्गा (निजी जग्गा र सामुदायिक जग्गा) कम्पनीले पर्याप्त छलफल नै नगरी सरकारले तोकिदिएको

मुआव्जा दिने गरी अधिग्रहण गर्‍यो ।

यस्तो निर्णय गर्दा तामाङ समुदायलाई सहभागी गराइएन । उनीहरूको जग्गा अधिग्रहण गर्ने र आवश्यक पर्ने जग्गाबाट विस्थापन गराउने निर्णय गर्दा स्थानीय सहभागिता भने हुन सकेन । आयोजना प्रभावित तामाङहरूलाई आफ्नो जग्गा कम्पनीलाई दिन्न भन्ने विकल्प दिइएन र उनीहरूलाई अस्वीकार गर्ने अधिकार पनि नदिइ निर्णय गरिएको थियो । जग्गाको स्वामित्व कम्पनीको नाममा लिन लगानीकर्ताले सरकारी हस्तक्षेप खोजे । सरकारले जग्गा अधिग्रहण गर्न प्रचलित चलन र नीति लागू गर्‍यो । कम्पनीले कर्मचारी, स्थानीय सरकार र लगानीकर्ताको प्रतिनिधित्व रहेको क्षतिपूर्ति निर्धारण समितिले तोकेबमोजिमको दरअनुसार जग्गा धनीलाई क्षतिपूर्ति दियो ।

यो अवधि आयोजनाका लगानीकर्ता हुनु भन्दा पहिलेको थियो । त्यसैले यस प्रक्रियामा आयोजनाको ऋणदाता परिचालन नीतिहरू लागू भएनन् । यद्यपि आयोजनाले आइएलओ-१६९ (सेप्टेम्बर २००७, वि.सं. २०६४, असोज) मा नेपालले अनुमोदन गरेको) पालन गर्न र आयोजना प्रभावित तामाङबाट एफपिक गर्न भने बाध्य थियो । यस अवधिमा कम्पनी इजाजतपत्रअनुसार सम्झौताका सर्तहरू पूरा गर्न असफल भएको थियो । कम्पनी लामो कानुनी प्रक्रिया र कर्मचारीतन्त्रको झन्झटमा फसेको थियो । तर कम्पनीको पक्षमा स्थानीय प्रभावित तामाङ समुदायका सदस्यहरू लागिपरेका थिए र सर्वेक्षण अनुमति नवीकरण गर्न पहल लिएका थिए ।

**आयोजना तयारी अवधि (सन् २०१२-२०१८, वि.सं. २०६९-२०७५)** : यो अवधि मार्च २०१२ मा सुरु भयो । यसै अवधिदेखि आइएफसीले सहनिर्माता तथा ऋणका लागि मुख्य व्यवस्थापकका रूपमा काम गर्न थाल्यो । आइएफसी पिएस-७ (जुन १ जनवरी, २०१२ (वि.सं. २०६९) बाट कार्यान्वयनमा आएको) र आइएलओ-१६९ दुवै यस आयोजना तयारी चरणमा लागू भएका थिए । यो अवधिमा एफपिकको दस्तबेजीकरण गर्नुअघि नै कम्पनीले आइएफसी पिएस-७ को प्रक्रियाबिना नै तामाङ आदिवासी जनजातिको जग्गा अधिग्रहण र भौतिक विस्थापन दुवै जारी राखेको थियो ।

यसरी जग्गा अधिग्रहण र स्थानीयलाई भौतिकरूपमा विस्थापन गरेको लामो समयपछि आयोजना कम्पनीले ऋणदाता अनिवार्य सर्तहरू पूरा गर्नका लागि आयोजना वातावरण तथा सामाजिक प्रभाव क्षेत्र (इएसआइए), जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी), लैङ्गिक कार्य योजना (जिएपी), सरोकारवाला सङ्लग्नता योजना (एसइपी), गुनासो सुनुवाइ संयन्त्र (जिआरएम), र आदिवासी जनजाति योजना (आइपिपी) सहित धेरै योजना मस्यौदा गर्न परामर्शदाताहरू नियुक्त गरेको थियो । एफपिक डकुमेन्ट तयारीका लागि आइपिपी नेतृत्वसँग परामर्श बैठकहरू भएका थिए । जग्गा अधिग्रहण एवं जीविकोपार्जन

पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) का लागि भने अति नै कम सार्वजनिक छलफल गरिएको थियो। आयोजनाको अन्य योजनाहरू तय गर्दा कुनै पनि छलफल एवं परामर्श भने गरिएको थिएन।

यही अवधिमा सन् २०१५ (वि.सं. २०७२) को भूकम्पका कारण आयोजनाका विभिन्न संरचनामा असर पुऱ्याउनुका साथै जनशक्ति व्यवस्थापनमा समेत ठूलो प्रभाव पाऱ्यो। यसका बाबजुद पनि कम्पनीले आयोजनाका सहायक संरचना निर्माणसम्बन्धी कार्यहरू भने रोकेन। यस अवधिमा पहुँच सडकका साथै ठेकेदार र कामदारका क्याम्प निर्माण भए।

१ नोभेम्बर २०१८ (२०७५ कात्तिक १५) मा कम्पनीले त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गऱ्यो। त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्नेहरूमा तदर्थ 'सल्लाहकार परिषद्' (आयोजना प्रभावित २१ मध्ये १० गाउँबाट चयन गरिएका तामाङ समुदायका सदस्यहरू), स्थानीय सरकारका प्रतिनिधिहरू र कम्पनीका प्रतिनिधिहरू सम्मिलित छन्। त्रिपक्षीय सम्झौता आयोजना प्रभावित समुदायको स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) दस्ताबेज हो। जसमा विभिन्न सहमति उल्लेख छन्।

**आयोजना निर्माण अवधि (सन् २०१८-२०२१, वि.सं. २०७५-२०७८)** : यस अवधिमा कम्पनीबाट एफपिकको दस्ताबेज प्राप्त भइसकेपछि (१ नोभेम्बर २०१८, वि.सं. २०७५ कात्तिक १५) आइएफसीले तामाङ आदिवासी जनजातिहरूबाट कर्मचारीहरू नियुक्त छन् वा छैनन् सुनिश्चित गर्न प्रमाणीकरण गर्नुपर्ने थियो। एफपिक प्राप्त भएको प्रमाणित गर्नुअघि आइएफसीका कर्मचारीहरूले आयोजना प्रभावित तामाङलाई संलग्न गरेको कुनै जानकारी उपलब्ध गराएको छैन।

यसबीचमा त्रिपक्षीय सम्झौता कार्यान्वयनका साथै आयोजनाका योजनाहरू आदिवासी जनजाति योजना (आइपिपी), जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी), सरोकारवाला सङ्लग्नता योजना (एसइपी), गुनासो सुनुवाइ संयन्त्र (जिआरएम) र लैङ्गिक कार्य योजना (जिएपी) रोकिएको छ। यस अवधिमा आयोजना कार्यान्वयनका लागि कोष व्यवस्थापनमा लामो समय लागेको थियो र ढिलाइ भएको थियो। नोभेम्बर, सन् २०१९ (वि.सं. २०७६ मंसिर) मा मात्र आयोजनासम्बन्धी वित्तीय सम्झौतामा हस्ताक्षर भयो। तर आयोजनाका लागि वित्तीय व्यवस्थापन गर्न ढिलाइ भएको छ।

यस अवधिमा कम्पनीले आयोजनाको भौतिक संरचनाहरू विशेषगरी डाइभर्सन बाँध निर्माणका कामहरूको तयारी थालेको थियो। साथै आयोजनाका लागि आवश्यक व्यवस्थापनका काम पनि तयारी गऱ्यो। उत्खनन (सुरुङ खन्ने, जमिन खन्ने, ढुङ्गा, चट्टानहरू आदि) का लागि, क्रसर प्लान्टहरू राख्ने, सामग्री राख्ने ठाउँहरू बनाउने, डिस्पोजल गर्ने क्षेत्र व्यवस्थापन गर्ने, गोदामहरू र निर्माण कार्यका लागि यार्डहरू पनि स्थापना भएका थिए। अक्टोबर, सन् २०२१

(वि.सं. २०७७ कात्तिक) सम्म सहकार्य र सम्बद्ध संरचनाहरू निर्माण कार्य निर्वाधरूपमा गरिएको थियो ।

यो अवधिमा कम्पनीविरुद्ध प्रभावित क्षेत्रका तामाङ समुदायबाट थुप्रै विरोध र प्रदर्शनसमेत भए । केही प्रदर्शन हिंसात्मकसमेत थिए । अध्ययनका क्रममा छलफल एवं सूचनादाताहरूले भनेका थिए- स्थानीय प्रभावित तामाङ समुदायलाई विभिन्न धम्की पनि आउने गरेको छ ।

**आयोजना प्रभावित स्थल** : आयोजनाले धेरै आदिवासी तामाङ जनजाति र अरू केही छिमेकी समुदायलाई प्रभावित पार्छ । आयोजनाको प्रभावित क्षेत्र (एओआइ) को परिभाभाषाअनुसार जहाँ जहाँ भौतिक क्षति हुन्छ, वातावरणमा प्रभाव पर्छ, सामाजिक क्षेत्रमा प्रभाव पर्छ ती प्रभावित क्षेत्र हुन् । यस्तो क्षेत्रमा आयोजनाले भौतिकरूपमा प्रभाव गर्छ । आयोजना निर्माणका क्रममा विभिन्न खालका प्रभाव एवं समस्या पनि उत्पन्न हुन सक्छन् । आयोजना निर्माणस्थलमा वातावरणीय र सामाजिक आर्थिकरूपले प्रभावित हुने ठाउँ छन् ।

यो ठूलो आयोजना भएको हुँदा यसले ठूलो भौतिक संरचना ओगट्छ । आयोजना सञ्चालन सुरुवातका क्रममा सानो क्षेत्र ओगट्ने योजना थियो तर सन् २०११ (वि.सं. २०६८) मा जलविद्युत् क्षमता विस्तार गरी २१६ बनाइएका कारण यसले ओगट्ने क्षेत्र पनि विस्तार भयो । आयोजनाका अभिलेखहरू वातावरणीय प्रभाव अध्ययन (इआइए), वातावरण तथा सामाजिक प्रभाव क्षेत्र (इएसआइए), जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी), सरोकारवाला सङ्ग्नता योजना (एसइपी) र गुनासो सुनुवाइ संयन्त्र (जिआरएम) ले ठूलो योजना आयोजना प्रभावित क्षेत्र (एओआइ)  निर्धारण गर्छ । सबै आयोजनाका नक्साले ठूलो योजना आयोजना प्रभावित क्षेत्र (एओआइ) लाई चित्रण गर्छन् । वातावरणीय एओआइअनुसार यो आयोजनाले स्थानीय समुदायलाई उनीहरूले उपयोग गर्दै आएको पारिस्थितिक प्रणालीमा असर पुऱ्याउँछ । सामाजिक आर्थिक आयोजना प्रभावित क्षेत्र (एओआइ) ले स्रोतहरूमा पहुँच गुमाउने समुदायलाई समावेश गर्दछ । त्यस्तो समुदाय जसले वन स्रोतहरू (जस्तै- दाउरा, खाद्यान्न, औषधि र चारा) मा पहुँच (स्थायी वा अस्थायी) थियो, त्यो गुमाउँछन् । यसले उनीहरूको जीविकोपार्जनमा नकारात्मक प्रभाव पार्न सक्छ ।

आयोजनाको इआइएले ३ क्षेत्रमा आयोजनाको आयोजना प्रभावित क्षेत्र (एओआइ) निर्धारण गरेको छ :

(क) श्रेणी-१, (अत्यधिक प्रभावित क्षेत्र जहाँ आयोजनाको मुख्य निर्माण कार्यहरू हुन्छन् ।)

(ख) श्रेणी-२ (मध्यम प्रभावित क्षेत्र, जहाँ जङ्गल पर्छ र आयोजना निर्माणका कार्य हुने क्षेत्रबाट ३ घण्टा पैदल दूरीसम्मका क्षेत्र पर्छन् ।)

(ग) श्रेणी-३ (न्यूनतम प्रभावित क्षेत्र, सामाजिक, आर्थिक र सांस्कृतिकरूपमा प्रभाव पर्ने क्षेत्रहरू)

यस अध्ययन उद्देश्यका लागि आयोजना आयोजना प्रभावित क्षेत्र (एओआइ) लाई निम्नअनुसार वर्गीकृत गरिएको छ :

**अत्यधिक प्रभावित गाउँ** : आयोजनाका लागि जग्गा अधिग्रहण गरिएका र भौतिकरूपमा स्थानान्तरण हुन परेका गाउँ जुन 'वातावरणीय प्रभाव अध्ययन (इआइए) वर्ग ए' मा परेका बस्ती अति प्रभावित गाउँ हुन् ।

**मुहान क्षेत्र आसपासका बस्ती** : मुहान क्षेत्र आसपासका बस्तीहरू निर्माण कार्य गतिविधिका कारण प्रभावित हुन्छन् । आंशिकरूपमा प्रभावित हुने यी बस्तीलाई वातावरणीय प्रभाव अध्ययन (इआइए) वर्गमा 'ए' र 'बि' दुवैमा राखिएको छ।

**आयोजनाका सहायक संरचनाका कारण प्रभावित क्षेत्र** : यी क्षेत्र पहुँच सडक, आयोजनासँग सम्बन्धित विभिन्न संरचना हुन् जसले थोरै मात्र प्रभाव पारेको हुन्छ। वातावरणीय प्रभाव अध्ययन (इआइए) मा यस क्षेत्रलाई 'सि' वर्गमा राखिएको छ।

ठूलो आयोजना आयोजना प्रभावित क्षेत्र (एओआइ) लाई बेवास्ता गर्दै आयोजनाको आइपिपी (सन् २०१८, वि.सं. २०७५) बन्यो, यसले प्रभावित बस्तीहरूलाई सीमित गरेको छ। आइपिपी (सन् २०१८, वि.सं. २०७५) अनुसार आयोजना प्रभावित बस्तीहरू ठूलो क्षेत्रबाट साँघुरिएको छ। एफपिक प्रक्रिया बनाउने क्रममा कम्पनीले जग्गा अधिग्रहण गरेको र बस्तीहरू विस्थापनमा परेका क्षेत्रलाई मात्रै अति प्रभावित क्षेत्रका रूपमा समेटेको छ।

यस प्रक्रियामा वातावरणीय प्रभाव अध्ययन (इआइए) वर्गीकरण श्रेणी- बि (मध्यम प्रभावित क्षेत्र, जहाँ जङ्गल पर्छ र आयोजना निर्माणका कार्यहरू बाँध क्षेत्रहरू पर्छन्) सँग परामर्श गरिएन। यस्तै इआइए वर्गीकरण श्रेणी- सि (आयोजना सहायक र सम्बद्ध संरचनाहरू प्रभावित क्षेत्र) भित्रका बस्ती हटाइयो ।

**आयोजनाका फाइदा** : आयोजनाबाट धेरै फाइदा लिन सकिने सम्भावना भए पनि कम्पनीले स्थानीय प्रभावित समुदायलाई फाइदा पुग्ने गरी सहयोग गरेको छैन। कम्पनीले आदिवासी जनजाति योजना सञ्चालनका लागि छुट्याएको बजेट पनि अहिलेसम्म वितरण गरेको छैन। यसबाहेक आयोजना प्रभावित तामाङहरूले प्राकृतिक स्रोत साधनमा निरन्तर पहुँच र सांस्कृतिकरूपमा उपयुक्त र दिगो विकासका सुविधाहरू पनि प्राप्त गर्न सक्दैनन् कि भन्ने चिन्ता पनि बढ्दै गएको छ।

**आइपिपी कार्यान्वयनका लागि कोष** : आयोजनाको त्रिपक्षीय सम्झौताले आइपिपी कार्यान्वयनका लागि १.१२५ मिलियन अमेरिकी डलर छुट्याएको छ। त्रिपक्षीय सम्झौता भएको ४ वर्ष भइसके पनि अहिलेसम्म छुट्याइएको रकम भने समुदायलाई दिइएको छैन।

एफपिक दस्ताबेज तयार भएको ४ वर्षपछि १७ अक्टोबर २०२२ (२०७९ कात्तिक ५) मा कम्पनी र लगानीकर्ताबीच वित्तीय व्यवस्थापनका लागि हस्ताक्षर भएको छ। वित्तीय व्यवस्थापन प्रक्रिया नै ढिला भयो। स्थानीय प्रभावित समुदायले पाउने यस्तो रकम बाँडफाँटका लागि संयन्त्रसमेत अझै स्थापना भएको छैन। यस्तो कोषको व्यवस्थापन गर्ने वित्तीय अधिकार कसलाई हुन्छ भन्ने विषयमा पनि स्पष्टता छैन।

**अतिरिक्त फाइदा** : जलविद्युत्को क्षेत्रीय विकासका कारण रसुवाका तामाङ समुदायले अतिरिक्त फाइदा प्राप्त गर्नेछन्। उनीहरूले जलविद्युत् उत्पादनसँगै विभिन्न ३ प्रकारका अतिरिक्त फाइदा उठाउन सक्छन्। पहिलो, उनीहरूले स्थानीय सडक संरचनाको फाइदा प्राप्त गर्छन्। दोस्रो, आयोजना प्रभावित क्षेत्रका तामाङ बस्तीमा विद्युत्को पहुँच पुग्नेछ। तेस्रो, रसुवाका बासिन्दाले आयोजनाको अग्रिम सेयर (आइपिओ) किन्ने अवसर पाउन सक्नेछन्।

**भूकम्प र कोभिड-१९ मा सहायता** : सन् २०१५ (वि.सं. २०७२) को भूकम्प र सन् २०१९ (वि.सं. २०७६) को कोभिड-१९ (सन् २०१९-२०२१, वि.सं. २०७६-२०७८ सम्म, विभिन्न चरणमा लकडाउन पनि भएको थियो) बाट पनि स्थानीय समुदाय प्रभावित हुन पुगे। आफ्नो क्षेत्रमा आयोजनाको काम भइरहेको र जग्गा अधिग्रहण भएको, प्राकृतिक स्रोतहरू पनि कम्पनीले नै उपयोग गरेको र क्षति पुगेकाले यस्तो विपत्तिको बेलामा कम्पनीले सहयोग गर्छ भन्ने अपेक्षा राखेका थिए। तर कम्पनीले स्थानीयलाई थोरै केही राहत मात्र उपलब्ध गराएको बताएको छ।

**आयोजनाको प्रतिकूल प्रभाव** : कम्पनीले विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन गरेको छ। तर सामाजिक प्रभाव मूल्याङ्कन भने विस्तृतरूपमा गरेको छैन। आयोजनाको दस्तावेजहरूमा सामाजिक-सांस्कृतिक, सामाजिक-आर्थिक र मानव स्वास्थ्यमा पर्ने असरका विषयमा विस्तृत व्याख्या गरिएको छैन।

कम्पनीले तयार पारेका आयोजनासम्बन्धी दस्ताबेज वातावरणीय प्रभाव अध्ययन (इआइए), वातावरण तथा सामाजिक प्रभाव क्षेत्र (इएसआइए), जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी), सरोकारवाला सङ्लग्नता योजना (एसइपी), गुनासो सुनुवाइ संयन्त्र (जिआरएम), लैङ्गिक कार्य योजना (जिएपी), र आदिवासी जनजाति योजना (आइपिपी) ले आयोजना क्षेत्रका तामाङहरूमा विभिन्न प्रतिकूल प्रभाव पर्ने जनाएको छ।

प्राकृतिकरूपमा संवेदनशील र साँघुरो खोँचमा ठूलो जलविद्युत् आयोजना बनाउँदा यसले पार्ने प्रभाव गम्भीरदेखि सामान्यसम्म छन्।

तामाङहरूको परम्परागत स्वामित्वमा रहेको, प्रयोग गर्दै आएको र पेसासमेत रहेको, प्राकृतिक सम्पदाहरू, नदीको पानी, जङ्गल आदिको व्यावसायिक शोषणले उनीहरूमा विभिन्न खालको प्रतिकूल प्रभावहरू निम्त्याएको छ। उनीहरूमा भूमि अधिग्रहण र भौतिक विस्थापन, आर्थिक

विस्थापन, वातावरणीय, सामाजिक, सांस्कृतिक, स्वास्थ्य र लैङ्गिक जस्ता प्रभाव परेका छन् । आयोजना क्षेत्रमा रहेका ज्येष्ठ नागरिकदेखि विपन्न समुदायसमेत यस्तो प्रभावमा पर्नेछन् । आयोजनाले महिला अझ बढी प्रभावित हुने देखिन्छ ।

आयोजनाका कारण अनिच्छा हुँदाहुँदै पनि थातथलो छाड्न बाध्य पारिनु सबै भन्दा ठूलो सांस्कृतिक प्रभाव हो । यसले तामाङ समुदायमा व्यक्तिगतदेखि समुदाय तहसम्म प्रभाव पारेको छ । सुरुमा हेर्दा यो आर्थिक जस्तो मात्रै देखिए पनि यसले सामाजिक-सांस्कृतिक दुष्परिणामहरू निम्त्याउनेछ ।

कम्पनीले सन् २००९ देखि २०१९ (वि.सं. २०६६ देखि २०७६) बीचको विभिन्न समयमा अनिच्छुक पुनर्बास गराएको थियो । सीमित खेतीयोग्य जग्गा भएको यो क्षेत्रबाट कम्पनीले ठूलो भाग जग्गा अधिग्रहण गरेको छ ।

सुरुवातमा आर्थिक क्षेत्रमा प्रभाव परेको देखिए पनि यसले सामाजिक-सांस्कृतिकरूपमा नराम्रो प्रभाव पार्नेछ । भूमिको अधिग्रहणले भूमिहीनता बढाएको छ भने पराम्परादेखि चल्दै आएको जीविकोपार्जनमा पनि क्षति पुऱ्याएको छ । उनीहरूलाई ज्यालादारीमा काम गर्न बाध्य पारेको छ भने यसले तामाङ समुदायको सामाजिक हैसियत पनि खस्काएको छ ।

भौतिक बिस्थापनले घरवारबिहीनता बनाएको छ भने विस्थापित घर/परिवारहरू त्यहाँबाट बसाइँ सर्न बाध्य भएका छन् । यसले तामाङ समुदायको पराम्परादेखि जुनखालको सामाजिक सद्भाव र सहकार्य थियो त्यसमा पनि असर पुऱ्याएको छ ।

**प्राकृतिक स्रोतको पहुँचमा प्रतिबन्ध** : परम्परागतरूपमा तामाङ समुदायले आफ्नो जीविकोपार्जनका लागि उपभोग गर्दै आएको प्राकृतिक स्रोतमा हुने दोहनले प्रतिकूल प्रभाव पार्नेछ । कम्पनीले जमिन, वन र नदी जस्ता प्राकृतिक स्रोतको दोहन गर्दै आयोजना निर्माण गरिरहेको छ । आयोजनाको प्रयोग वा नियन्त्रणमा रहेको जमिन र प्राकृतिक स्रोत तामाङहरूले परम्परागतरूपमा उपभोग गर्दै आएको क्षेत्र हो । स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी तयार हुनुपूर्व नै यस क्षेत्रमा उनीहरूलाई प्रतिबन्ध लगाइएको छ । कम्पनीले आयोजना निर्माणका क्रममा विस्थापित हुने समुदायलाई उही प्रकृति र परिणामको जमिन दिनेमा कुनै योजना नै ल्याएन । पुस्तौंदेखि उपभोग गर्दै आएको वनको पहुँचमा रोक लगाउँदा यसले तामाङ समुदायको जीविकोपार्जनमै असर गरेको छ । त्यस्तै, आदिवासी तामाङ समुदायले प्रयोग गर्दै आएको जल, जमिन, वन र खर्कहरूमा आयोजनाको नियन्त्रण हुँदा यसले विभिन्न पारिस्थितिक प्रभाव पार्नेछ ।

**सामुदायिक वनको पहुँचमा रोक** : वर्षौंदेखि तामाङहरूले वन क्षेत्रको व्यवस्थापन र प्रयोग गर्दै आएका थिए । उनीहरूको जीविकोपार्जन पनि यी स्रोतहरूमा निर्भर थियो । वन ऐन,

२०४९ को पहिलो संशोधन (वि.सं. २०५५) अनुसार स्थानीयहरूले उपभोक्ता समूहरूमार्फत सामुदायिक वनको संरक्षण, उपभोग र व्यवस्थापन एवं केही उत्पादनहरू बिक्री वितरण गर्ने अधिकार पनि दिइएको थियो ।

कम्पनीले उपभोक्ता समूहले रेखदेख गरिरहेको कुल ९२७.३२ हेक्टर (करिव १८,२२८ रोपनी) वन अधिग्रहण गरेको छ। यसले ४२२ जना सदस्य रहेको ६ वटा वन उपभोक्ता समूहहरूको जग्गामा प्रतिकूल प्रभाव पारेको छ। सामुदायिक वनको पहुँचमा प्रतिबन्ध लगाइए पनि यी उपभोक्ता समूहले कुनै पनि क्षतिपूर्ति पाएका छैनन् । उनीहरूले निर्माण सामग्री, इन्धन र औषधिका लागि प्रयोग गर्दै आएका वनमा समेत जान पाएका छैनन् । साथै उनीहरूको आम्दानीसमेत आयोजनाका कारण रोकियो ।

**सामुदायिक र खर्कको पहुँचमा रोक** : तामाङहरू बढीजसो कृषि र पशु पालनमा भर पर्छन् । कृषि र पशु पालनमा आधारित तामाङ समुदायलाई सामुदायिकरूपमा उपभोग गर्दै आएको जमिन र खर्कहरूको पहुँचमा रोक लगाइँदा सामाजिक आर्थिक कठिनाइको सामना गर्नुपरेको छ। यसले भविष्यमा परम्परागत चरन प्रणालीलाई समेत असर पुऱ्याउँछ।

**आयोजनाका लागि जमिन अधिग्रहण** : तामाङ समुदायले परम्परागतरूपमा प्रयोग गर्दै आएको जमिन कम्पनीले अधिग्रहण गरेको छ। अधिग्रहण गरिएका जमिनमा सामुदायिकरूपमा व्यवस्थापन र रेखदेख गरिएको र निजी जमिन छन् । जसले आर्थिक मात्र नभएर सामाजिक सांस्कृतिक परिणामसमेत निम्तिएका छन् । भौगोलिकरूपमा हेर्ने हो भने अधिग्रहण गरिएको क्षेत्र थोरै हो तर पनि भिरालो र चट्टानी भू-सतह भएको क्षेत्रमा जमिनकै सीमितता छ।

जग्गा सर्भेक्षणको काम सन् २००९ (वि.सं. २०६६) बाट सुरु गरिएको थियो । कम्पनीले सन् २०१५ (वि.सं. २०७२) सम्म ९३ प्रतिशत जग्गा अधिग्रहण गरिसकेको थियो । आयोजनासम्बन्धी कागजातअनुसार आयोजनाका लागि कुल १०७.९९ हेक्टर जमिन अधिग्रहण गरिएको छ। त्यसमध्ये ७८.६४६ हेक्टर जमिन सामुदायिक वनको छ। त्यस्तै ५.०५ हेक्टर जमिन निजी र १५.५३ हेक्टर जमिन धार्मिक संस्थाहरू (गुठी) को नाममा रहेको जमिन छ। जग्गा अधिग्रहणबाट १५४ परिवार (६१९) व्यक्ति प्रभावित भएका छन् । त्यस्तै, सन् २०१७ (वि.सं. २०७४) मा पनि सर्भे गरी थप जग्गा लिइएको थियो । जग्गा लिने प्रक्रियामा सरकार कार्यविधिलाई नै अपनाइएको थियो ।

कम्पनीले सन् २०१६ (वि.सं. २०७३) मा (अनिच्छुक पुनर्बास सुरु भएको ६ वर्षपछि) भूमि अधिग्रहण र जीविकोपार्जन पुनर्स्थापना योजना जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) तर्जुमा गरेको छ। सन् २०१८ (वि.सं. २०७५) मा जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) लाई पूरा गरियो । यो योजना एफपिक प्रक्रियाको विषय होइन र कार्यान्वयन गरिएको छैन ।

**भौतिक विस्थापन** : अन्य प्रभावका साथै आफ्नो थातथलोबाट विस्थापित हुनु तामाङ समुदायले भोगेको कठिन परिस्थिति हो । कम्पनीले सन् २०१३ देखि २०१८ (वि.सं. २०७० देखि २०७५) सम्म नै स्थानीय आदिवासी तामाङ समुदायलाई त्यहाँबाट भौतिक विस्थापन नियमित गराएको थियो । सङ्ख्याका हिसाबले विस्थापन थोरै भए पनि यसको प्रभाव भने व्यापक देखिन्छ ।

उचित छलफल र क्षतिपूर्तिविना यो एकप्रकारले तामाङ समुदायलाई आफ्नो थातथलोबाट जबर्जस्ती निकालिएकै हो । यो विस्थापन गर्ने कार्य एफपिकको दस्तावेज तयार हुनु भन्दा पहिले नै गरिएको थियो । घरबिहीन अवस्थामा उनीहरूले टहरामा बस्न बाध्य भए पनि सामूहिक सामुदायिक वातावरणबाट समेत वञ्चित बनाइए ।

आवासीयसहितका विभिन्न संरचना त्यागेर उनीहरू विस्थापित हुन पुगे । यसका लागि कम्पनीले उचित स्थानान्तरणको प्रबन्ध मिलाउन सकेन । क्षतिपूर्ति पनि उचित र सम्झौताका आधारमा भएन । नगद क्षतिपूर्ति सरकारी निकायको निर्धारणका आधारमा भयो । समुदायको पुनर्स्थापनाका लागि कुनै व्यवस्थापन भएन । परिणामस्वरूप कतिपय परिवार घरबारबिहीन भए ।

**आयोजनाको वातावरणीय प्रभाव** : आयोजनाले भविष्यमा विशेषगरी ३ प्रकारका वातावरणीय प्रभाव निम्त्याउने देखिन्छ । आयोजनाका कारण प्राकृतिक प्रणाली, जैविक विविधता र परम्परागत माछा मार्नेहरूको पेसा गुम्ने देखिन्छ ।

आयोजनाले प्रभावित क्षेत्रका तामाङ समुदायमा सोझै वातावरणीय प्रभाव पार्नेछ । आयोजनाकै दस्ताबेजले पनि सडक निर्माणलगायतका निर्माण कार्यबाट पहिरोको जोखिम बढ्ने बताएको छ । त्यस्तै पिउने पानी र सिँचाइमा पनि आयोजनाले असर पुऱ्याउनेछ ।

थुप्रै जलविद्युत् आयोजना निर्माण भइरहेको र सडक तथा अन्तर्राष्ट्रिय राजमार्ग निर्माण भइरहेकाले पनि जैविक विविधतामा प्रभाव पार्नेछ । त्यस्तै नदीको डाइभर्सनका कारण परम्परागत माछा मार्ने पेसा पनि सङ्कटमा पर्नेछ ।

**सामाजिक आर्थिक प्रभाव** : आयोजनाले जग्गा अधिग्रहणबापत सीमित क्षतिपूर्ति मात्र दिएकाले अझै पनि तामाङ समुदाय पूर्णरूपमा पुनर्स्थापित हुन सकेका छैनन् । आयोजनाको जग्गा अधिग्रहणबाट परेको प्रभाव सन् २०१५ (वि.सं. २०७२) को भूकम्पले अझ बढायो । कम्पनीले भूकम्पका बेला र भूकम्पपछि आयोजना प्रभावित क्षेत्रमा तामाङ समुदायलाई सीमित सहयोग मात्र उपलब्ध गरायो ।

**सामाजिक सांस्कृतिक प्रभाव** : आयोजना निर्माण कार्यले अन्जानमै प्रभावित तामाङ समुदायमा सामाजिक सांस्कृतिक प्रभाव पारेको छ । आयोजनाका कारण सामाजिक

सांस्कृतिक तत्त्वहरू हराउनुका साथै तामाङहरूका परम्परागत सङ्घ/संस्थाको भूमिकासमेत निष्क्रिय भएका छन् । औषधिका लागि जडीबुटीको प्रयोग हुँदै आए पनि आयोजनाका कारण उनीहरू वञ्चित हुन पुगेका छन् । त्यस्तै सांस्कृतिक सम्पदा, धार्मिक परम्परा र भाषामा समेत यसले प्रभाव पार्नेछ । कम्पनीले सामाजिक सांस्कृतिक प्रभाव रोक्न र न्यूनीकरण गर्न कुनै योजना बनाएको छैन ।

**स्वास्थ्यमा पर्ने प्रभाव** : आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायको स्वास्थ्यमा आयोजनाका कारण गम्भीर प्रभाव पर्ने देखिन्छ । कमजोर फोहोर व्यवस्थापनले पिउने पानीको गुणस्तर घट्नेछ । निर्माण कार्यका लागि बारम्बार गरिने बिष्फोटले समुदायमा हानिकारक धुलो, वायु प्रदूषणका साथै ध्वनि प्रदूषण हुनेछ । त्यस्तै आयोजनामा काम गर्ने मजदूरहरूबाट टिबी, एचआइभी एड्सलगायतका सरुवा रोग स्थानीय समुदायमा सर्ने जोखिम पनि छ । आप्रवासी कामदार रहेकाले पनि उनीहरू तामाङ समुदायको भाषा, संस्कृति र मान्यतासँग परिचित नहुँदा मद्यपान र लागू औषधको दुर्व्यसनी बढ्ने सम्भावना देखिन्छ ।

**महिलामा पर्ने प्रभाव :** आयोजनाबाट प्रभावित क्षेत्रका महिलामा असर पुग्नेछ । तामाङ समुदायका महिलाले पराम्परागतदेखि अवलम्बन गर्दै आइरहेका निर्णय गर्ने भूमिका पनि गुम्ने देखिन्छ । तामाङ महिलाले सामाजिकरूपमा पुरुष समान हैसियत पाउँथे र त्यसमा रमाइरहेका थिए । अब कम्पनी, राज्य र अन्य बाह्य पक्षका कारण त्यो भूमिका खुम्चिँदैछ र विभेदमा रूपान्तरण हुने खतरा छ ।

आयोजनाका कारण लैङ्गिक असमानता र लैङ्गिगक हिंसा बढ्ने तथा महिलाको स्वास्थ्यमा असर पुग्ने देखिन्छ । बेचबिखनलगायतका हिंसाको मारमा समेत महिलाहरू पर्ने सम्भावना छ ।

**आयोजनाको सहायक संरचनाबाट पर्ने प्रभाव** : आयोजनाको सहायक संरचनाहरू स्थायी र अस्थायी संरचना निर्माणका कारण पनि आयोजना प्रभावित समुदायमाथि विभिन्नखालका चुनौती देखा परेका छन् । यी संरचना डाइभर्सन ड्यामदेखि भूमिगत पावर हाउसम्म छरिएका छन् । सडक क्षेत्र निर्माण, कामदार बस्ने क्याम्पहरू, सामग्रीहरू फाल्ने र थुपार्ने ठाउँहरूको कारण आज पनि विभिन्नखालको समस्या सिर्जना भएका छन् र स्थानीय समुदायमा प्रतिकूल प्रभाव पारेको छ । यसले अझ थप जग्गा अधिग्रहण र भौतिक विस्थापन बढाउन सक्छ ।

**आयोजनासँग जोडिएका संरचनाको प्रभाव** : आयोजनासँग जोडिएका वैकल्पिक सडक मार्ग र पावर ट्रान्समिसन लाइनले आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायमाथि विभिन्न प्रभाव पार्नेछ । आयोजनासँग जोडिएका विभिन्न संरचनाबाट आउने प्रभावको मूल्याङ्कन भइसकेको छैन । कम्पनीले सामान ओसारपसारका लागि वैकल्पिक सडक मार्ग प्रयोग गर्दै आएको छ । त्यस्तै सामुदायिक वनको बाटो हुँदै आयोजनाले १.२ किलोमिटर लम्बाइको पावर ट्रान्समिसन लाइन निर्माण गर्दैछ ।

**जलविद्युत् आयोजनाबाट पर्न सक्ने प्रभाव** : जलविद्युत् उत्पादनमा राज्यले नै लगानी बढाइरहेका बेला आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायले आयोजनाबाट विभिन्न प्रभाव सामना गर्नुपर्ने देखिन्छ। सानो भौगोलिक क्षेत्रमा आयोजना निर्माण भएकाले पनि अहिले केही सकारात्मक फाइदा जस्तो देखिए पनि भविष्यमा यसले आदिवासी तामाङ समुदायमाथि ठूलो असर पार्न सक्नेछ। सानो क्षेत्रमा ७१ वटा योजना निर्माणाधीन छन्। उदाहरणका लागि यस क्षेत्रमा जलविद्युत् आयोजना निर्माण भइरहँदा सडक सञ्जालको विकास बढ्दो छ।

# ५. अन्तराष्ट्रिय वित्तीय निगम कार्यसम्पादन मानक-७ (पिएस- ७) को मापदण्ड पालना

कम्पनीले आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिने बेला गरेको आइएफसी पिएस ७ को पालना (ऋणदाता परिचालन नीति, जहाँ लागू हुन्छ) मा केन्द्रित छ। यो आइएफसी पिएस ७, सन् २०१२ जनवरी १ (वि.सं. २०६८ पुस, १७) बाट लागू भएको हो। र, यो एफपिकको कार्यान्वयन र त्यसको पालनको मूल्याङ्कन गर्न प्रयोग गरिन्छ। लगानीकर्ताहरूले आइएफसी पिएस ७ (सन् २०१२, वि.सं. २०६८) अनुसार आयोजना तयार गर्नका लागि सम्झौता गरेका छन्। यस आयोजनामा ५ लगानीकर्ताको परिचालन नीतिहरू लागू हुन्छन्। लगानीकर्ताको बोर्डले अनुमोदन गरेको नीतिहरू लागू हुने कुरालाई आयोजना स्तरको सम्झौताले भने हटाउन सक्दैन। यस कार्यका लागि एडिबी, एआइआइबी र एफएमओको परिचालन नीतिहरू पनि सान्दर्भिक छन्। जुन, सन् २०१६ देखि २०१९ (वि.सं. २०७३ देखि २०७६) सम्म विशेष अवधिका लागि आयोजना लगानीकर्ताको बोर्डमा आएका थिए। एफपिक दस्ताबेज आयोजना अवधिमा छुट्टाछुट्टै ३ चरणमा काम गरी पूर्ण गरिएको थियो। एफपिक खोजी सन् २०१२-२०१८ (वि.सं. २०६८-२०७५) मा भयो, दस्ताबेजीकरण सन् २०१८ (वि.सं. २०७५) मा भयो र तयार भएको दस्ताबेजमा विवरण थप गरी सन् २०१९ देखि २०२१ (वि.सं. २०७६ देखि २०७८) पूर्ण गरिएको थियो। यस अध्ययन प्रतिवेदनले सन् २०२१ (वि.सं. २०७८)सम्मको अवधिको विषयलाई मात्र समेटेको छ।

सन् २०१२ को मार्च भन्दा अघि आइएफसी पिएस ७, लागू भएको थिएन। आइएफसी पिएस ७ मार्च २०१२ (वि.सं.२०६८ फागुन २९) अघि लागू थिएन भने पनि त्यसअघिको जग्गा अधिग्रहण प्रक्रिया पिएस ७ अनुरूप भएको थियो वा थिएन भनेर मूल्याङ्कन गर्नु आवश्यक थियो। र, यदि आवश्यक प्रक्रिया पूरा गरिएको थिएन भने त्यसका लागि सुधार योजना बनाउन आवश्यक थियो।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) प्रक्रियापूर्वको अवधिमा**

**पालना (सन् २०१२-२०१८, वि.सं. २०६८-२०७५)** : सन् २०१२ को मार्च (वि.सं. २०६८ फागुन) देखि आइएफसी एक सेयर होल्डर (लगानीकर्ता) हो । जसको दायित्व एफपिकको आवश्यकता पूरा गर्नु पनि हो । सो समयदेखि आइएफसी (ऋण प्याकेजको मुख्य जिम्मेवार हो) कम्पनीहरूले पिएस ७ को पूर्ण पालना गरेको छ वा छैन भन्ने सुनिश्चित पनि गर्नुपर्छ । कम्पनीले आयोजना प्रभावित तामाङ समुदायबाट जग्गा प्राप्त गर्नुपूर्व नै स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) प्रक्रिया पूरा गरेको हुनुपर्थ्यो । कम्पनीले एफपिक प्रक्रिया पूरा नगरी आदिवासी जनजाति तामाङको जग्गा अधिग्रहण र भौतिकरूपमा विस्थापित गर्नुहुँदैनथ्यो । यस अवधिमा कम्पनीले अनिवार्य परिचालनसम्बन्धी नीतिहरूको प्रक्रिया नै पूरा नगरी केही घटनामा अन्धाधुन्दा काम गरेको देखियो ।

कम्पनीले लगानीकर्ताहरूको सञ्चालन नीतिअन्तर्गत आइएफसी पिएस ७ अन्तर्गत अनिवार्य गर्नुपर्ने ४ विशेष आवश्यकता पूरा गरेनन् । खासगरी एफपिक नगरी जग्गा अधिग्रहण र भौतिक विस्थापन कार्य भयो, विस्तृतखालको सामाजिक अवस्थाको अध्ययन गरिएन र महिलाको पराम्परादेखिको निर्णायक भूमिकालाई बेवास्ता गरियो ।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाअघि जग्गा अधिग्रहण र स्थानान्तरण** : सन् २०१२ मार्च (वि.सं. २०६८ फागुन) मा आइएफसी पिएस ७ लागू भएसँगै कम्पनीले स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाका क्रममा जग्गा अधिग्रहण र भौतिक स्थानान्तरणको प्रक्रिया सक्नुपर्ने भए पनि त्यसो गरेको पाइएन ।

जग्गा अधिग्रहण र स्थानान्तरणका क्रममा प्राकृतिक स्रोतको पहुँच, प्रभाव न्यूनीकरण तथा आर्थिक बिस्थापनलाई कम्पनीले केन्द्रमा राखेको देखिएन । सन् २०१५ (वि.सं. २०७२) मा बस्ती पुनर्स्थापना योजना बन्यो । २०१५ (वि.सं. २०७२) को भूकम्पनले स्थानीय गाउँका अधिकांश परिवार आन्तरिकरूपमा विस्थापित हुन पुगे । भूकम्पको असर, भूमि अतिक्रमण र भौतिक बिस्थापनपछि सन् २०१५ (वि.सं. २०७२) मा जीविकोपार्जन पुनर्स्थापना योजना तयार गरिएको थियो । पछि सन् २०१८ (वि.सं. २०७५) मा पूरक जीविकोपार्जन पुनर्स्थापना योजना (एलआरपी) तयार गरियो तर अहिलेसम्म कार्यान्वयन भएको छैन ।

**बृहत् सामाजिक मूल्याङ्कनको कमी** : कम्पनीले आइएफसी पिएस १ को आवश्यकता पूरा गर्न तामाङ समुदायमाथि पर्ने सामाजिक प्रभावको सीमित मूल्याङ्कन मात्रै गरेको पाइन्छ । कम्पनीले तामाङ समुदायमाथि पर्ने सामाजिक, सांस्कृतिक र आर्थिक प्रभावको बृहत् मूल्याङ्कन गरेको छैन । भएको मूल्याङ्कन पनि सीमित प्राथमिक तथ्याङ्क र पुराना मिति सकिएका तथ्याङ्कमा आधारित छन् ।

जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) ले सन् २०१५ (वि.सं. २०७२) सम्म जग्गा अधिग्रहण र भौतिक बिस्थापनबाट प्रभाविताहरूको मात्र

सीमित तथ्याङ्क सङ्कलन गरेको छ। सन् २०१५ (वि.सं. २०७२) को तथ्याङ्कअनुसार आयोजनाले जग्गा अधिग्रहण गरेको १५४ घर/परिवारको ६१९ जना प्रभावित छन् । साथै उक्त सर्वेक्षणपछि पनि कम्पनीले सन् २०१७ (वि.सं. २०७४) स्थानीय प्रभावित परिवारसँग थप जग्गा लिएको हुँदा अरू थप मानिस पनि प्रभावित भएका छन् ।

आयोजनाको आइपिपीमा स्थानीय प्रभावित आदिवासी तामाङ समुदायको बृहत् सामाजिक मूल्याङ्कन भएको छैन। आइपिपी सन् २०११ (वि.सं. २०६७) को सरकारको जनगणना र द्वितीय तथ्याङ्क, सन् २०११ (वि.सं. २०६७) को वातावरणीय प्रभाव अध्ययन (इआइए) को प्रतिवेदनको तथ्याङ्क र सन् २०१५ (वि.सं. २०७२) को जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) को केही सीमित तथ्याङ्क मात्र समेटी तयार भयो। आयोजना प्रभावित परिवारको पुराना तथ्याङ्कमै आधारित भएर आयोजना अघि बढिरहेको छ। आयोजनाले जनसाङ्ख्यिक र सामाजिक आर्थिक परिवर्तनबारे तथ्याङ्क अद्यावधिक गर्नुपर्थ्यो।

**महिलाका परम्परागत निर्णय लिने प्रक्रियालाई नजरअन्दाज** : कम्पनीले आयोजना प्रभावित क्षेत्रका तामाङ महिलाका बारेमा निकै थोरै ध्यान दिएको पाइन्छ। पारिवारिक तथा समुदायको निर्णयमा महिलाको भूमिकालाई नजरअन्दाज गरिएको छ। कम्पनीले आइएफसी पिएस ७ लाई पालना गरेको देखिएन। महिलालाई हरेक अवसरमा समानता, सामाजिक-आर्थिक क्षेत्रमा सशक्तीकरण प्रबर्द्धन, वित्तीय क्षेत्रमा पहुँच, रोजगारीमा पहुँच र वृद्धि, सम्पत्तिमा स्वामित्व र नियन्त्रण गर्ने जस्ता कार्यमा कम्पनीले सहयोग गर्नुपर्थ्यो त्यो नगरेको देखियो। बरु तामाङ महिलाहरूको घरभित्र र समुदाय तहमा पनि जुनखालको निर्णय प्रक्रियामा पहुँच र शक्ति थियो, त्यसलाई पनि बेवास्ता गरेको पाइयो। एफपिक दस्ताबेजीकरणको प्रक्रियामा सार्वजनिकरूपमा महिलाको आवाज सुनिएन र खास सहभागिता गराइएन। यसरी आयोजनाको प्रत्यक्ष मारमा परेका महिलाहरू कम्पनीबाट प्राप्त हुने नगद क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रियामा पनि सहभागी हुन पाएनन्।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी तयारका क्रममा पालना (सन् २०१८, वि.सं. २०७५)** : ऋणदाताको परिचालन नीति एवं आइएलओ १६९ अनुसार स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) पहिले नै गरिनुपर्ने थियो। तर योजना सुरु भएको ७ वर्षपछि मात्रै अति प्रभावित बस्तीहरू (२१ मध्ये १०) मा बसोबास गर्ने तामाङहरूसँग (एफपिक) का लागि दस्ताबेज तयार गरिएको थियो।

आयोजनाको त्रिपक्षीय सम्झौता र माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) १ नोभेम्बर २०१८ र ३० अक्टोबर २०१८ (वि.सं. २०७५ कात्तिक १५ र २०७५ कात्तिक १३) मा भयो। तदर्थ 'सल्लाहकार परिषद्', स्थानीय सरकारका प्रतिनिधिहरू र कम्पनीका प्रतिनिधिहरूबीच ती सम्झौता भएका थिए। यो सम्झौता आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायसँगको

स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरीका रूपमा समेत अभिलेखित गरिएको छ।

पछि कम्पनीले आयोजना प्रभावित क्षेत्रका १० वटा बस्तीबाट स्वतन्त्र, अग्रिम र जानकार ीसहितको मन्जुरी लियो। आयोजनाका कारण जग्गा अधिग्रहण र भौतिक बिस्थापन भोग्नुपरे पनि तामाङ समुदायसामु ‘सहमति’ गर्नुको विकल्प थिएन।

एफपिक ‘पूरै योजना’ सञ्चालनका लागि थिएन। यो आइपिपी कार्यान्वयनका लागि मात्र दस्ताबेजीकरण गरिएको थियो। आइपिपीले धेरै प्रावधान, जस्तै- एलएएलआरपी, एसइपी-जिआरएम र ग्यापलगायतको योजनामा पहिचान भएका विषयहरू समावेश गरिएको थिएन।

एफपिक प्रक्रियाले एओआइ प्रक्रियामा समावेश भएको कतिपय आयोजना प्रभावित तामाङ बस्तीहरू छुटाएको छ। कम्पनीले सांस्कृतिकरूपमा प्रभाव पार्नेखालका धेरै सूचना भएको आयोजनाको कागजातहरू बाहिर ल्याएन। यसले आयोजना प्रभावित क्षेत्रको वन उपभोक्ता समूहहरूलाई पनि खोजेन। कम्पनीले सूचनाहरू लिन सङ्कुचन गऱ्यो। यसले तामाङ आदिवासी जनजातिमा पर्ने योजनाको प्रतिकूल प्रभावको पूर्ण व्याख्या गरेको छैन। स्थानीय प्रभावित समुदायमा रहेको परम्परागत स्वशासित संस्थाहरूलाई पनि संलग्न गराएको छैन। कम्पनीले महिलाहरूको निर्णय गर्ने भूमिका बहन गर्न सकेन।

**आयोजनाका जानकारी सांस्कृतिकरूपमा उपयुक्त माध्यमबाट सार्वजनिक नगर्नु :** कम्पनीले आयोजनाबारे सांस्कृतिकरूपमा अनुपयुक्त तरिकाले सीमित जानकारी सार्वजनिक गऱ्यो।  कम्पनीको वेबसाइटमार्फत अङ्ग्रेजी भाषामा तयार भएको दस्ताबेज सार्वजनिक गरियो। केही दस्ताबेज वातावरणीय प्रभाव अध्ययन (इआइए), वातावरण तथा सामाजिक प्रभाव क्षेत्र (इएसआइए) र आदिवासी जनजाति योजना (आइपिपी) भने नेपाली भाषामा रूपान्तरण गरी बाहिर ल्याइयो।

केही मुख्य आयोजना दस्ताबेज (जस्तै- जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) जुन जग्गा अधिग्रहण र भौतिक विस्थापनसँग सम्बन्धित छ) नेपाली भाषामा उपलब्ध छैन। आइपिपी दस्ताबेज नेपाली भाषामा अनुवाद गरिएको थियो। यो तामाङ भाषामा पनि अनुवाद गरिएको भए पनि सबैले हेर्न पाउने गरी उपलब्ध छैन।

आयोजना प्रभावित क्षेत्रका तामाङ समुदाय अङ्ग्रेजी भाषा पढ्न र लेख्न सक्दैनन्। अपवादका रूपमा केही व्यक्तिले मात्रै पढ्न सक्छन् जसले उच्च शिक्षा हासिल गरेका छन्। नेपाली भाषामा पनि ज्येष्ठ सदस्य र महिलाहरूको कम दखल देखिन्छ। लेखपढ गर्न नसक्ने समुदायलाई डिजिटल मिडिया उपयुक्त देखिँदैन।

**पूर्णआयोजनाका रूपमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी नलिनु** : कम्पनीले आदिवासी जनजाति योजना (सन् २०१८, वि.सं. २०७५) को विशेष कार्यान्वयनका लागि

एफपिक दस्तावेज तयार गरेको हो । एफपिक प्रक्रियामा भएका छलफलहरू मुख्यतया आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयनका लागि संस्थागत व्यवस्था र वित्तीय विनियोजनहरूका लागि केन्द्रित गरियो । एफपिकको चरणमा यो पनि एक संरचनात्मक अन्तर पत्ता लगाउन गरिएको थियो ।

आइपिपीको अन्तिम मस्यौदा डिसेम्बर २०१८ (वि.सं. २०७५ पुस) मा तयार भयो । तयार भएको मस्यौदामा सल्लाहकार परिषद्का सदस्यहरूलाई हस्ताक्षर गर्न भनियो । अन्तिम मस्यौदामा सल्लाहकार परिषद् सदस्यहरूले हस्ताक्षर गरी सहमति पनि दिए । आइएफसी पिएस ७ का अनुसार आइपिपीको कार्यान्वयन गर्न योजनाको समग्ररूपमै यसको प्रक्रियाहरू सुरुमै दस्ताबेजीकरण गरिएको हुनुपर्छ । तर एफपिक प्रक्रियाको क्रममा भएका छलफलले जग्गा अतिक्रमण र बिस्थापन विषयसहित व्यापक परियोजना प्रभावहरू र न्यूनीकरणका उपायहरू समावेश गरेको हुनुपर्ने कुराहरू गरेको थिएन ।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियामा आयोजना प्रभावित बस्तीलाई नसमेट्नु** : स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाका क्रममा आयोजना प्रभावित क्षेत्रका बस्तीलाई सहभागी नगराइएको पाइएको छ । यसमा किन नलिएको भन्ने उपयुक्त कारण पनि खुलाइएको छैन । यसरी छुटाइएकामा थप ११ बस्ती छन् । यो आयोजनाले २१ तामाङ बस्तीलाई प्रभावित गर्ने आयोजनाको एओआइमा उल्लेख छ ।

स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियामा आयोजनाबाट अति प्रभावित १० वटा बस्ती समेटिएको छ । आयोजनाको वातावरण तथा सामाजिक प्रभाव क्षेत्र (इएसआइए) को निष्कर्ष र सुझावलाई पनि आइपिपीमा बेवास्ता गरिएको छ । जसमा आयोजनाले ठूलो क्षेत्रमा प्रभाव पार्ने औल्याइएको छ । स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियामा तामाङ समुदायले सामूहिकरूपमा प्रयोग गर्दै आएका प्राकृतिक स्रोतलाई पनि समेटिएन । स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियामा ड्यामको मुहान क्षेत्र, आयोजनाको सहायक संरचना र आयोजनासँग जोडिएका संरचनाले पार्ने असर र सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापन र प्रयोगलाई पनि ध्यानमा राखिएन । आइएफसीको मापदण्डअनुसार आयोजना प्रभावित क्षेत्रका सबै तामाङ समुदायसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी गर्नुपर्ने भए पनि कम्पनीले बेवास्ता गऱ्यो । यसमा बाँध क्षेत्रले प्रभाव पार्ने क्षेत्रहरू श्रेणी ए र बि छुटाइएको छ ।

श्रेणी बि क्षेत्रहरूले मध्यम प्रभाव भएका क्षेत्रहरू समावेश गर्छ । जस्तै- वन, चरन, पानी, उनीहरूले परम्परागत पेसाहरू गर्दै आएका क्षेत्र पर्छन् । जुन आयोजना निर्माण क्षेत्रबाट ३ घण्टाको पैदल दूरीमा पर्छन् ।

श्रेणी सि क्षेत्रहरूमा कम प्रभावित क्षेत्र पर्छन् । यी क्षेत्र ३ घण्टाको पैदल दूरी भन्दा बाहिर पर्छन् । यी क्षेत्रमा आयोजनाले सामाजिक, आर्थिक र सांस्कृतिक पक्षमा प्रभाव पार्छ ।

**आयोजना प्रभावित क्षेत्रका वन उपभोक्ता समूहसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) नलिनु** : कम्पनीले स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाका लागि आयोजना प्रभावित क्षेत्रका ६ वटा सामुदायिक वन उपभोक्ता समूहलाई सहभागी गराएन। उक्त वनहरू परम्परागतरूपमा तामाङ समुदायले व्यवस्थापन र प्रयोग गर्दै आएका र सरकारले मान्यता दिएका हुन्।

एफपिक प्रक्रियामा वन उपभोक्ता समूहका ४२२ सदस्यलाई बेवास्ता गरिएको छ। ६ वटा उपभोक्ता समूहले रेखदेख र व्यवस्थापन गर्दै आएका ९२७.३२ हेक्टर वन क्षेत्र आयोजना प्रभावित क्षेत्रमा पर्छ। कम्पनीले वन क्षेत्र आयोजनाका लागि लिन ६ वटा सामुदायिक वन उपभोक्ता समूहसँग पनि एफपिक गर्नुपर्छ।

तर नेपाल सरकारले वन नियमावली २०५१ लागू गरी कम्पनीको प्रयोगका लागि वनको जग्गा अधिग्रहण गर्न पाउने व्यवस्था गरिदिएको छ। यस नियमावलीले स्थानीय प्रभावित समुदायले केही अधिकार पाउन सक्ने वा नपाउन पनि सक्ने उल्लेख गरिदियो। जसले गर्दा स्थानीयले उपभोग गर्दै आएका वन स्रोत कम्पनीले आयोजना निर्माणका लागि उपयोगमा ल्याउने भयो।

आयोजनाको दस्तावेजहरूले आयोजनाले वनको स्रोत र जग्गा लिनु भन्दा अघि सरकारी विभागले स्थानीय प्रभावित समुदायबाट एफपिक मागेको थियो वा थिएन भन्ने केही बोल्दैन। यस्तो केही प्रमाण वा कागजातहरू पनि भेटिएनन्।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) प्रक्रियाका लागि अति प्रभावित बस्तीका ठूलो समुदायलाई सहभागी नगराइनु** : प्राकृतिक स्रोतको व्यावसायिक दोहन गर्ने र भविष्यमा थुप्रै प्रभावहरू ल्याउने गरी जलविद्युत् कम्पनीले लिन लागेको आफ्ना स्रोतहरू दिने वा नदिने वा के गर्ने भन्ने छलफलहरूमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) प्रक्रियामा ठूलो सङ्ख्यामा सहभागी भई निर्णय प्रक्रियामा भाग लिनुपर्छ।

यद्यपि १० अति प्रभावित बस्तीबाट एफपिक खोज्ने क्रममा पनि कम्पनीले अधिकतम मानिसको सहभागिता गराएन। अर्को कुरा बाँकी ११ (२१ आयोजना प्रभावित बस्तीमध्ये) प्रभावित बस्तीलाई पनि एफपिक प्रक्रियामा संलग्नता गराइएन। यसले एफपिक प्रक्रियामा के/कस्तो प्रावधान छ भन्ने जानकारी हुनबाट उक्त समुदायका ठूलो सङ्ख्यालाई वञ्चित गरेको छ।

कम्पनीले अति प्रभावित बस्तीहरूबाट चुनिएका प्रतिनिधिहरूको सल्लाहकार परिषद्सँग सल्लाह गऱ्यो र एफपिक लियो। त्यसपछि एफपिक दस्तावेजीकरण गरेको थियो। यसरी महत्त्वपूर्ण सहमति लिने र दस्तावेजीकरण गर्ने प्रक्रियामा ठूलो सङ्ख्याका अति प्रभावित बस्तीलाई सहभागी नगराइनु भनेको ठूलो त्रुटि हो।

सल्लाहकार परिषद्मा भएका सदस्यहरूबाट कम्पनीले एफपिक गऱ्यो, दस्ताबेज पनि बनायो तर ती सदस्यले के निर्णय लिने, के/कस्तो मुद्दा समावेश गर्ने भन्ने कुराको म्यान्डेट समुदायबाट लिएका थिएनन् । यस्तो सदस्य छनोट प्रक्रियाले समुदायको प्रतिनिधित्व गर्ने अग्रज तामाङहरूको पराम्परागत प्रथालाई पनि बेवास्ता गरेको छ ।

परामर्शदाताहरूको निर्देशनमा ८७ व्यक्तिले सुरुमा तदर्थ सल्लाहकार आदिवासी जनजाति समिति गठन गरे र पछि यसलाई 'आदिवासी जनजाति सल्लाहकार परिषद् (AJAC) नामकरण गरियो । पछि यसलाई आयोजना प्रभावित आदिवासी जनजाति समुदायको औपचारिक प्रतिनिधि परिषद्का रूपमा रूपान्तरण गरियो । तर यसको नाम र प्रकृतिअनुसार सल्लाहकार परिषद्सँग समुदायको तर्फबाट एफपिक दिने वा रोक्ने कुनै विशेष अधिकार थिएन ।

तामाङहरूले सामूहिक निर्णय गर्ने अभ्यास छ । यस्तो निर्णयहरू समुदायमा गहन छलफल र विचार विमर्शपछि हुने गर्छ । यसका लागि लामो समय लाग्न सक्छ । तामाङ समुदायहरू सामूहिक निर्णय समुदायमा बसेर छलफल गरेर लिन्छन् । एकपटक बस्ती स्तरको निर्णय लिएपछि अन्तर-समुदाय निर्णयमा पुग्नका लागि अन्य छेउछाउका बस्तीमा पनि परामर्श लिने चलन छ ।

**तामाङहरूको निर्णय प्रक्रियाका लागि उपयुक्त समय छुट्याइएन :** कम्पनीले आदिवासी जनजाति तामाङहरूसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) प्रक्रियाका लागि दस्ताबेज तयार गर्नका लागि पर्याप्त समय दिएन । आयोजनाको आइपिपी परामर्श र प्रभावित तामाङ समुदाय (अति प्रभावित १० बस्ती) बाट एफपिक दस्ताबेजीकरण गर्नका लागि कम्पनीले जम्मा २ महिना (सेप्टेम्बर र अक्टोबर २०१८, वि.सं. २०७५ भदौ र असोज) समय छुट्याएको थियो । यति छोटो समय भएको हुँदा आयोजनाको एफपिक दस्ताबेज तयारीका लागि तामाङहरूको पराम्परागत निर्णय लिने प्रक्रियालाई बाधा पुग्यो र तामाङहरूले आफूअनुकूलको निर्णय लिन पाएनन् । एफपिक लिने क्रममा यो एउटा मुख्य अन्तर थियो । कम्पनीले वित्तीय सम्झौता छिटो गर्नका लागि हतार गरी दस्ताबेज तयार गरेको हुन सक्छ । कम्पनीले १ नोभेम्बर २०१९ (वि.सं. २०७६ कात्तिक १५) मा वित्तीय सम्झौता सम्पन्न गरेको थियो ।

कुनै पनि हिसाबले आयोजना प्रभावित तामाङ समुदायबाट सहमति जुटाउन २ महिनाको समय पर्याप्त थिएन । सहमति लिनु भन्दा पहिले बस्ती स्तरमा र अन्तरबस्ती तहमा छलफल गरिनुपर्थ्यो । त्यसका लागि पर्याप्त समय चाहिन्थ्यो ।

तामाङ समुदायको आफ्नो परम्परागत निर्णय लिने प्रक्रिया आफ्नै मौलिक भएको हुँदा कुनै समयसीमाले बाँधिएको हुँदैन । किनकि उनीहरूको निर्णय लिनुपूर्व पर्याप्त समय लिने परम्पारगत संस्कृति छ । किनकि ज्येष्ठ नागरिक, महिलाहरूका लागि कुनै पनि विषयको

निर्णय लिनुपहिले त्यसबाट फाइदा वा बेफाइदा के हुने हो भन्ने विषयमा विचार र विमर्श गर्नका लागि समय पर्याप्त चाहिन्छ। किनकि एकपटक बस्ती स्तरको निर्णय भइसकेपछि अन्तरसमुदाय निर्णयमा पुग्नका लागि छेउछाउका बस्तीसँग पनि परामर्श लिने चलन छ। किनकि यो आयोजनाले धेरै बस्तीले (ज्येष्ठ नागरिक, महिला र युवालगायत) ले उपयोग गरिरहेको प्राकृतिक स्रोतहरूको व्यावसायिक शोषण गर्ने भएको हुँदा एफपिक दिने वा समर्थन गर्ने भन्नेमा उनीहरूबीच छलफल गर्नका लागि पर्याप्त समय चाहिन्छ।

**आयोजनाले पार्ने प्रभाव र न्यूनीकरणका उपायहरूबारे पूर्ण जानकारीको अभाव** : स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरीका क्रममा आयोजना प्रभावित तामाङ समुदायलाई आयोजनाको गम्भीर प्रभावबारे पूर्ण जानकारी दिइएन।  आयोजनाका कारण आउन सक्ने प्रभावको प्रकृति र परिणामबारे केही भनिएन। यस्तो प्रभाव न्यूनीकरणको उपायहरूबारे पनि बताइएन। किनकि यस प्रक्रियामा कम्पनीले आयोजनाले पार्ने सामाजिक प्रभावबारे विस्तृतखालको अध्ययन नै गरेको छैन।

जग्गा अधिग्रहण र स्थानान्तरणको असरमा परेको तामाङ परिवारको मुख्य विषयबारे आइपिपी र एफपिकको प्राथमिक दस्तावेजमा विस्तृतमा खुलाइएको छैन। न त आइपिपीले वातावरणीय, सामाजिक-आर्थिक, सामाजिक-सांस्कृतिक र स्वास्थ्यमा पार्ने प्रभाव र महिलाहरूमा पर्ने प्रभावहरूको विषयमा जानकारी नै दिएको छ। आदिवासी जनजाति योजना (आइपिपी) ले भूमि अधिग्रहण र भौतिक विस्थापनसँग सम्बन्धित प्रमुख प्रभाव र असरबारे छलफल अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी) मा पठाएको छ।

**परम्परागत तामाङ सङ्घ/संस्थालाई सहभागी गराइएन** : स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियाका क्रममा तामाङ समुदायका परम्परागत सङ्घ/संस्थालाई सहभागी गराइएन। जसलाई प्राकृतिक स्रोतको व्यावसायिक प्रयोग गर्ने कुराको निर्णय लिने प्रक्रियामा सहभागी गराइनुपर्थ्यो।

तामाङ आदिवासी जनजीतका यी पराम्परागत संस्थाहरू (जसमा समुदायका सबै घर/परिवार समावेश भएका हुन्छन्) ले प्राकृतिक स्रोतहरू (जङ्गल, चरन क्षेत्र र पानी) को नियमन र व्यवस्थापनमा प्रमुख भूमिका खेल्छन्। यी संयन्त्रले समुदाय तहमा द्वन्द्व व्यवस्थापनमा समेत भूमिका खेल्दै आएका छन्। कम्पनीले यी संस्थाहरूमार्फत पनि एफपिक गर्न आवश्यक छ। कम्पनीले एफपिक तदर्थ सल्लाहकार परिषद्मार्फत गरेको थियो जसलाई एफपिक दिने वा नदिने भन्ने विषयमा समुदायले विशेष अधिकार दिएको थिएन।

**निर्णय गर्ने महिलाको परम्परागत भूमिकाप्रति बेवास्ता** : स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरीलगायत आयोजनाका सम्पूर्ण प्रक्रियामा तामाङ महिलाको निर्णय गर्ने परम्परागत भूमिकालाई पूर्णरूपमा बेवास्ता गरिएको छ। तामाङ महिलाहरू घर/परिवार,

समुदायमा पुरुषसरह हैसियत राख्छन् । उनीहरू घर/परिवार, समुदाय र उनीहरूले उपभोग गर्ने प्राकृतिक स्रोतको नियमन र व्यवस्थापनको निर्णय प्रक्रियामा पनि उत्तिकै भाग लिन्छन् र त्यसैमा खुसी हुन्छन् । प्राकृतिक स्रोत व्यावसायिक प्रयोजनका लागि कम्पनीलाई दिने वा नदिने सहमतिको निर्णय प्रक्रियामा महिलालाई आफ्नो मत राख्ने अवसर दिनुपर्थ्यो । तर कम्पनीबाट यो प्रक्रियामा महिलाको भूमिकालाई बेवास्ता गरियो ।

कम्पनीले एफपिक प्रक्रियामा सल्लाहकार परिषद् बनाउने क्रममा भने महिलाको समान प्रतिनिधित्व खोजी गरेको थियो । परिषद्मा आधा सदस्य महिला छन् तर उनीहरूमध्ये केही मात्र शिक्षित र युवा उमेरका छन् ।

एफपिक प्रक्रियाको क्रममा तामाङ भाषा प्रयोग नगरिएको हुँदा यसको विषयमा समुदाय तहमा राम्रो सञ्चार हुन सकेको थिएन । स्थानीय महिला अङ्ग्रेजी भाषा बुझ्दैनन् तर परामर्शदाताहरू बाहिरबाट गएका थिए । उनीहरूले अङ्ग्रेजी भाषाका शब्दहरू प्रयोग गरेका थिए र नेपालीमा कुराकानी गरेका थिए । प्रभावित क्षेत्रका अधिकांश महिला नेपाली भाषामा समेत बोल्न र लेख्न कमजोर छन् । त्यसैले प्रभावकारी सञ्चालन हुन सकेको थिएन ।

**त्रिपक्षीय सम्झौतामा आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायको माग सम्बोधन गरिएन** : आयोजनाको त्रिपक्षीय सम्झौतामा आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायको माग सम्बोधन भएन । १ नोभेम्बर २०१८ (वि.सं. २०७६ कात्तिक १५) मा कम्पनी, सल्लाहकार परिषद् र स्थानीय सरकारका प्रतिनिधिबीच सम्झौतामा हस्ताक्षर भएको थियो । त्रिपक्षीय सम्झौता हुनु एक दिनअघि, माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) मा तीनै पक्षद्वारा हस्ताक्षर गरिएको थियो । आइपिपीकै एउटा अंशका रूपमा डिएफएमा त्रिपक्षीय सम्झौता भएको थियो । माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) मा एनडब्लुइडिसी कम्पनीले गरेको प्रतिबद्धताहरू समावेश गरिएको थियो । आइपिपीको एउटा पूरक सम्झौताका लागि डिएफएमा हस्ताक्षर गरिएको थियो । तर माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) को सम्झौता तयार गरिएको रेकर्ड कतै भेटिएन । आइपिपीले माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) को बाध्यकारी प्रावधानलाई एकीकृत गरेन । यसलाई अनुसूचीमा संलग्न गरेको छ । जबकि आयोजनाको त्रिपक्षीय सम्झौतामा एफपिक दस्ताबेजलाई बाध्यकारी दस्ताबेजका रूपमा लिइएको छ भने तीनै पक्षद्वारा हस्ताक्षर गरिएको माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) लाई भने बेवास्ता गरिएको छ ।

**स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियापछिको पालना (सन् २०१९-२०२१, वि.सं. २०७६-२०७८)** : यस अवधिका कम्पनी र लगानीकर्ताले आयोजनाको वित्तीय सम्झौता गरे । आइएफसी पिएस ७ अनुसारको मापदण्ड कम्पनीले पालना नगरेको पाइएको छ । कम्पनीले अरू विशिष्ट आवश्यकताहरूको पालना गरेन । त्रिपक्षीय सम्झौता भएको पनि ४ वर्ष भइसक्यो । यस अवधिमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी प्रक्रियामा गरिएका

सम्झौता आइपिपी, टिपिए, डिएफए र एलएलएलआरपीहरू पालना भएनन् ।

आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायले कम्पनी आफ्नो प्रतिबद्धताबाट पछि हटेको दाबी गरेका छन् । एफपिक दस्तावेज भइसकेपछि, गुठीको नाममा रहेको जग्गा (करिव ११० रोपनी, ७ हेक्टर, तर स्थानीय आदिवासी जनजाति तामाङहरूले परम्परागत समयदेखि हकभोग गर्दै आएको, अधिकार भएको) दस्ताबेजीकरण गरिएपछि नेपाल सरकारको मन्त्रिपरिषद्ले खारेजी गरेको थियो ।

आइपिपी कार्यान्यवयनका लागि कोषको वितरण, एलएलएलआरपीको कार्यान्वयन, आयोजना प्रभावित क्षेत्रका समुदायलाई रिपोर्टिङलगायतका कुरामा कम्पनीले ध्यान दिएन । त्यसैगरी आयोजनाको व्यवस्थापन संरचनाको अनिश्चितता समस्या समाधानका लागि संयन्त्र निर्माण र लगानीकर्ताहरूबाट सुपरीवेक्षण पनि हुन सकेन ।

कोरोना महामारीका कारण भएको लकडाउनका सुरुवाती ४ महिना (२४ मार्च २०२० देखि २१ जुलाइ २०२०, वि.सं. २०७६ चैत ११ देखि २०७७ साउन ६) मा आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायले निकै दुःख सहनु पर्‍यो । त्यस्तै ठेकदारहरूले पनि मुख्य संरचनाकै अंशका रूपमा कामलाई निर्बाध जारी राखे ।

**आइपिपी कार्यान्वयनका लागि कोषको वितरण भएन** : आइपिपी कार्यान्वयनका लागि छुट्ट्याइएको बजेट लामो समयसम्म वितरण हुन सकेन । टिपिए र डिएफएमा हस्ताक्षर भएको ४ वर्ष बित्दा पनि कम्पनीले आइपिपी बजेट वितरण गर्न सकेको छैन ।

यसबीचमा आइपिपी कार्यान्वयन चरण (सन् २०१९ देखि २०२३, वि.सं. २०७६ देखि २०८०) को तोकिएको ५ मध्ये ४ वर्ष बितिसकेको छ । आयोजनाको त्रिपक्षीय सम्झौता (सन् २०१८, वि.सं. २०७५) अनुसार आइपिपी कोष वितरणका लागि लगानीकर्ताहरूद्वारा वित्तीय व्यवस्थापनका लागि हस्ताक्षर गर्दैमा यो सर्त गरेका थिए । तर कम्पनीले आइपिपी कार्यान्वयन कोष वितरणमा ढिलाइ भएको स्वीकार गरेको छ र कार्यान्वयनका लागि पुनः योजना बनाएको छ ।

**संशोधित एलएएलआरपीअन्तर्गत सुधार योजना ल्याउन ढिलाइ** : कम्पनीले तामाङ घर/परिवारलाई बिस्थापन गर्न सुरु गरेको ११ वर्ष भयो । कम्पनीले एलएएलआरपी 'सुधारात्मक कार्ययोजना' अन्तर्गत गर्नुपर्ने मुख्य न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्न बाँकी छ । यी न्यूनीकरणका उपायहरू भौतिकरूपमा बिस्थापित परिवारलाई सहयोग, सामाजिक र जीविकोपार्जनको कार्यमा सहयोग र संरचनाहरू प्रतिस्थापनका लागि क्षतिपूर्ति दिनेसँग सम्बन्धित छन् । कम्पनीले आयोजना निर्माण सुरु भएपछि मात्रै यी न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्ने योजना बनाएको छ । बिस्थापित परिवारले यस्तो सहयोग र क्षतिपूर्ति पाउनका

लागि थप केही वर्ष कुर्नुपर्ने हुन सक्छ। कम्पनी एलएएलआरपीलाई कार्यान्वयन गर्न ढिलाइ भएको स्वीकार गर्दै सुधारात्मक कार्ययोजना बनाउन सहमत भएको छ।

**आयोजना प्रभावित समुदायलाई समय-समयमा जानकारी** : कम्पनीबाट आयोजनाका विविध जानकारी प्रभावित समुदायलाई समय-समयमा दिने काम भएको छैन। त्यस्तै त्रिपक्षीय सम्झौता, आइपिपी, डिएफएलगायत सम्झौताको अद्यावधिक र कार्यान्वयनमा पनि कम्पनीले ध्यान दिएको छैन। आयोजनाका सहायक र आयोजनासँग जोडिएका संरचना निर्माणबारे पनि प्रभावित समुदायलाई कुनै जानकारी दिने गरिएको छैन।

**आयोजनाका सहायक संरचनाको निर्माण जारी** : इन्जिनियरिङ्ग, खरिद र निर्माण (इपिसी) ठेकेदारहरूबाट आयोजना क्षेत्रमा विभिन्न सहायक संरचना निर्माण जारी छ। यी संरचनामा पहुँच सडक, मजदूर क्याम्प, खानी, ब्याचिङ प्लान्ट र ल्यान्डफिल साइटलगायत छन्।

कोरोना महामारीका कारण लगाइएको लकडाउनमा केही समय संरचना निर्माण रोकिएको पनि थियो। यो अवधि २४ मार्च २०२२ देखि २१ जुलाई २०२२ (वि.सं. २०७६ चैत ११ देखि २०७९ साउन ६) सम्म थियो। सन् २०२० (वि.सं.२०७७) देखि ड्यामसम्मको पहुँच सडक, बेलीब्रिज निर्माण, ड्याम निर्माणका लागि तयारी, सुरुङ र पावर हाउस निर्माणका काम भइरहेका छन्। अहिले पूर्णरूपमा काम अघि बढिरहेको छ।

अक्टोबर २०२१ (वि.सं. २०७८) मा नयाँ साइटमा इपिसी र मजदूरहरू बस्नका लागि शिविर (क्याम्प) स्थापना गरिएको थियो। कम्पनीले वैकल्पिक पहुँच मार्गका रूपमा रहेको सडकलाई फराकिलो र स्तरोन्नति गर्ने काम पनि गरिरहेको छ जहाँ अहिले कम्पनीका सवारी साधन नियमित गुडिरहेका छन्।

**आइपिपी संस्थागत र कार्यान्वयनका लागि छुट्टै युनिट अभाव** : आदिवासी जनजाति योजना (आइपिपी) र त्रिपक्षीय सम्झौतालाई संस्थागत र कार्यान्वयनका लागि कम्पनीले छुट्टै युनिट खडा गरेको छैन। कम्पनीले सामाजिक विज्ञसहित एउटा युनिट खडा गरिदिनु जरुरी छ। अहिले आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयन गर्नका लागि कम्पनीको वातावरण र सामाजिक टिमद्वारा नै व्यवस्थापन गरिएको छ।

कम्पनीले आयोजनाको काम सुरु गरेको १५ वर्ष भयो भने आइएफसी आयोजनाको सहविकासकर्ता भएको पनि १० वर्ष भइसकेको छ।

**आइपिपी कार्यान्वयनको संरचनागत अनिश्चितता** : आयोजनाको त्रिपक्षीय सम्झौताले आइपिपी व्यवस्थापन संरचना परिकल्पना गऱ्यो। तर अहिले आयोजनाको आदिवासी जनजाति योजना (आइपिपी) व्यवस्थापनमा आइपिपीको संरचनामा संस्थागत अनिश्चितता धेरै छन्।

आइपिपी कार्यान्वयनको संस्थागत संरचना र निर्णायक संयन्त्रमा तामाङ समुदायका परम्परागत सङ्घ/संस्थालाई बेवास्ता गरिएको छ। नयाँ मस्यौदा गरिएको आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयन निर्देशिकाअनुसार प्रस्तावित आदिवासी जनजाति योजना (आइपिपी) संरचना संरचनाका हिसाबले बोझिलो र प्रक्रियाका हिसाबले कर्मचारीतन्त्रको हिसाबले जटिल छ।

यसले मूल्याङ्कनका लागि बाह्य विशेषज्ञहरूको परामर्श सेवा लिने प्रस्ताव गरेको छ तर त्यस्तो सेवा लिएबापत सेवा शुल्क कसले तिर्ने भन्ने स्पष्टता गरेको छैन। यसले आदिवासी जनजाति योजना (आइपिपी) गभर्निङ बोर्डको आवधिक निर्वाचनको प्रस्तावसमेत गरेको छ। यसले विभाजनको राजनीति र द्वन्द्व निम्तन सक्ने सम्भावना पनि छ। यसले अनुगमन, आन्तरिक मूल्याङ्कनका लागि विभिन्न समितिहरू प्रस्तावित गरेको छ। यस्ता समितिले आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयनका लागि सुस्त बनाउन सक्छन् तर यी समितिलाई आवश्यक पर्ने बजेट के हुने भन्ने विषयमा स्पष्टता छैन।

आइपिपी कार्यकारी बोर्डको वैधताका विषयमा केही भ्रम पनि छन् जसले अन्तरसामुदायिक द्वन्द्व निम्तने खतरा पनि छ। यसबाहेक कम्पनी कार्यक्रम तथा वित्तीय व्यवस्थापन क्षमता वृद्धिका लागि आइपिपी कार्यकारी बोर्डलाई सहयोग गरेको छैन। ४ वर्षको कार्यकाल बितिसक्दा पनि आदिवासी जनजाति योजना (आइपिपी) कार्यकारी बोर्डको कार्न्यान्वयनले वित्तीय व्यवस्थापन हुन नसक्दा प्रशासनिक र आइपिपी कार्यान्वयन गर्न सकेन।

**इपिसी ठेकेदारद्वारा श्रमिकसम्बन्धी आचारसंहिता लागू नहुनु** : इन्जिनियरिङ्ग, खरिद र निर्माण (इपिसी) ठेकेदार र कामदार सन् २०१३ (वि.सं. २०६९) देखि आयोजनास्थलमा छन्। आदिवासी जनजाति योजना (आइपिपी) तथा अन्य लगानीकर्ताको नीतिअनुरूप श्रमिकसम्बन्धी आचारसंहिता लागू भएको छैन। कामदारहरूलाई आयोजना र स्थानीय प्रभावित तामाङ समुदायबीच भएको सम्झौताहरूको विषयमा जानकारी पनि छैन। उनीहरूलाई आयोजनाले आइपिपीमा राखेको प्रावधानबारे जानकारी छैन भने लगानीकर्ताको अनिवार्य परिचालन नीतिहरूमा भएको व्यवस्थाबारे पनि अनविज्ञ छन्।

**गुनासो सुन्ने संयन्त्र निर्माण नहुनु** : आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायका समस्या सम्बोधनका लागि कम्पनीले अझसम्म पनि गुनासो सुनुवाइका लागि कुनै संयन्त्र बनाउन सकेको छैन। उनीहरूको गुनासो सङ्कलन गर्ने र सम्बोधन गर्ने संयन्त्र अभावमा कम्पनी र समुदायबीच विश्वासको खडेरी उत्पन्न हुन सक्ने देखिन्छ।

सन् २०१८ (वि.सं. २०७५) मा कम्पनीले गुनासो सुनुवाइ संयन्त्र बनाउने प्रस्ताव गरेको थियो। यसलाई 'सरोकारवाला संलग्नता योजना र गुनासो सुनुवाइ संयन्त्र' (एसइपी-जिआरएम) भनिन्छ। यो कार्यान्वयन हुन सकिरहेको छैन। तर यो स्थानीय प्रभावित तामाङ

समुदायसँग कुनै परामर्श नगरी बनाइएको थियो। यसले सांस्कृतिकरूपमा उपयुक्तखालको गुनासो सुनुवाइ गर्ने कतिपय व्यवस्था समेट्न सकेको छैन। उदाहरणका लागि यसले तामाङ समुदायको स्वशासित परम्परागत संस्थाहरूको प्राथमिकतालाई मान्यता दिएको छैन।

कम्पनीले तामाङ भाषामा गुनासो सुनुवाइ गर्नैपर्ने संयन्त्र प्रस्ताव गरेको छैन। तयार गरिएका दस्ताबेजहरू अङ्ग्रेजीमा छन् जुन तामाङ समुदायका ज्येष्ठ नागरिक र महिलाका लागि कामलाग्दो छैन। आयोजना प्रभावित तामाङ समुदायका लागि न गुनासो समाधान गर्ने कुनै संयन्त्र बनाइएको छ न त उनीहरूको पहुँच नै छ।

अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) नीतिहरूले अनावश्यक, असमान वा अत्यधिक बलको प्रयोगबाट मानिसलाई हटाउन नहुने भनेको छ। तर कम्पनीले वार्ताको माध्यमबाट जग्गा प्राप्त गर्न नसकेपछि (सन् २०१२ देखि २०१७, वि.सं. २०६८ देखि २०७४ को बीचमा) जग्गा अधिग्रहण गर्न सरकारी अधिकारीद्वारा हस्तक्षेप रणनीति अपनाएको थियो। उदाहरणका लागि मे २०१३ (वि.सं. २०७०) मा जिल्ला प्रशासन कार्यालयले आफ्नो जग्गा बेच्न अस्वीकार गरेका कतिपय जग्गा धनीलाई सरकारी दररेटमै मुआब्जा  लिन बाध्य पारेको थियो। त्यो समयमा सरकारी अधिकारीले प्रहरी परिचालन पनि गरेका थिए। यसपछि बाँध नजिकैको गाउँमा अस्थायी प्रहरी कार्यालय नै स्थापना गरियो।

आयोजना प्रभावित तामाङहरूले कम्पनीविरुद्ध मौखिक एवं लिखित उजुरी दिने क्रम बढ्दै गएको छ। तर कम्पनीले गुनासो सुनुवाइको संयन्त्र स्थापना नगरेको हुँदा स्थानीयले कम्पनीप्रति गर्ने विश्वास पनि घट्दै गएको छ। यसो हुँदा कहिलेकाहीँ आन्दोलन पनि हुने गरेको छ। उदाहरणका लागि सन् २०२१ (वि.सं. २०७८) मा ११ दिन लामो विरोध प्रदर्शनमार्फत आन्दोलन भएको थियो। १९ डिसेम्बर २०२१ (वि.सं. २०७८ पुस ४) मा केही युवाले हिंसात्मक प्रदर्शन पनि गरेका थिए। यसरी विरोधमा उत्रिएका स्थानीयमाथि विभिन्नखालका धम्की आउने गरेको बताइएको थियो।

आयोजना प्रभावित अगुवाहरूले आफ्ना माग समयमै पूरा नभए अब एफपिक फिर्ता लिने भन्दै सामुदायिक नेतृत्व र समुदायसँग परामर्श गरिरहेको बताएका छन्।

आयोजनाका ऋणदाताहरू अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी), एसियाली विकास बैङ्क (एडिबी), एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैङ्क (एआइआइबी), डच डेभलेपमेन्ट बैङ्क (एफएमओ) सँग जवाफदेही संयन्त्र छन्। ती नियमहरू भन्छन्- ऋणदाताहरूले परियोजना प्रभावित समुदायलाई हरेक जानकारी उपलब्ध गराउनु, उनीहरूको दायित्व हो। यो जरुरी पनि छ। तर अहिलेसम्म लगानीकर्ताहरूले स्थानीयलाई त्यस्तो जानकारी गराएको कुनै अभिलेख छैन।

**लगानीकर्ताहरूबाट सुपरीवेक्षणको अभाव** : कम्पनीले आयोजनाको उपयुक्त निगरानी नगरिहेका बेला लगानीकर्ताहरूबाट पनि समय-समयमा हुनुपर्ने सुपरीवेक्षण भएको छैन । आदिवासी जनजाति योजना (आइपिपी), जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी), सरोकारवाला सङ्लग्नता योजना (एसइपी), गुनासो सुनुवाइ संयन्त्र (जिआरएम), लैङ्गिक कार्य योजना (जिएपी) लगायतका नीतिहरू कार्यान्वयन भए/नभएकोबारे कुनै सुपरीवेक्षण भएको छैन । लगानीकर्ताहरूले बेलाबेला अनुगमनहरू गर्नुपर्ने उनीहरूको कार्य सञ्चालन नीतिमा व्यवस्था छ तर एफपिक दस्ताबेजीकरण भएपछिको ३ वर्षको अवधिमा कुनै पनि यस्तोखालको अनुगमन भ्रमण भएनन् ।

अक्टोबर २०२१ (वि.सं. २०७८ असोज) मा भने स्वतन्त्र वातावरण तथा सामाजिक परामर्शदाताहरूले भने भ्रमण गरेका थिए जुन अध्ययन टिमसँग जोडिएर गरिएको थियो । तर उक्त भ्रमणको प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरिएको छैन । नियमित सुपरीवेक्षणको अभावमा विभिन्न नीतिको पालना हुन सकेको छैन । त्यस्तै कम्पनीबाट पनि आयोजनाको भ्रमण गरिएको छ भन्ने कुनै विवरण सार्वजनिक गरिएको छैन ।

# ६.अध्ययनका सुझाव

यस अध्ययनले कम्पनी, आइएफसी, अन्य लगानीकर्ताका साथै आइपिपी बोर्डले विभिन्न पक्षसँग भएका सम्झौता पालनाका लागि गर्नुपर्ने कामहरू समेटेर विभिन्न सुझाव प्रस्तुत गरेको छ :

## कम्पनी (एनडब्लुइडिसी) ले गर्नुपर्ने काम

- अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) को प्रस्तावअनुसार आयोजना प्रभावित परिवारलाई सम्बोधन गर्ने तर्जुमा गरिएको सुधार कार्ययोजना (सन् २०१८, वि.सं. २०७५) को कार्यान्वयन गर्ने ।
- आयोजना प्रभावित क्षेत्रका बाँकी समुदाय र आयोजना प्रभावित सामुदायिक वन उपभोक्ता समूहसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिने ।
- आयोजना प्रभावित क्षेत्रका समुदायसँग लाभांश बाँडफाँट संयन्त्रको प्रस्ताव र सहमति गर्ने ।
- लैङ्गिक कार्ययोजना कार्यान्वयन गर्ने ।

- परपम्परागत तामाङ सङ्घ/संस्थालाई संलग्न गराउँदै वर्तमान र भविष्यमा आउन सक्ने समस्या समाधानका लागि गुनासो सुनुवाइ संयन्त्र स्थापना गर्ने ।
- आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयनको समीक्षा र पुनर्संरचना गर्ने ।
- आदिवासी जनजाति योजना (आइपिपी), त्रिपक्षीय सम्झौता (टिपिए) र माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) कार्यान्वयनका लागि कम्पनी व्यवस्थापन संरचनामै रहेर सङ्गठनात्मक एकाइ गठन गर्ने ।
- आयोजनाको त्रिपक्षीय सम्झौता कार्यान्वयन गर्ने ।
- स्थानीयको माग समावेश गरी तयार गरिएको सम्झौता (डिएफए) कार्यान्वयन गर्ने ।
- प्रोजेक्ट इन्जिनियरिङ, खरिदकर्ता र निर्माण ठेकेदारबाट आयोजना प्रभावित क्षेत्रका तामाङ समुदायको मानव अधिकार हनन नहोस् भन्ने प्रत्याभूति गर्ने ।
- नदीको जलप्रवाहमा आधारित जलविद्युत् आयोजनाका कारण प्रभावित क्षेत्रमा पर्ने सामाजिक तथा सांस्कृतिक असर निम्तन नदिने तथा न्यूनीकरणका योजना ल्याउने ।

## आइएफसीले गर्नुपर्ने काम

- आयोजनाबाट प्रभावित हुने समुदाय र सामुदायिक वन उपभोक्ता समूहबाट स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिन कम्पनीलाई आग्रह गर्ने ।
- आदिवासी जनजाति योजना (आइपिपी), त्रिपक्षीय सम्झौता (टिपिए) र माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) कार्यान्वयनका बारेमा कम्पनीसँग अद्यावधिक जानकारी लिने ।
- लैङ्गिक रणनीति बनाउनका लागि कम्पनीलाई प्राविधिक सहयोग गर्ने ।
- नियमित र उपयुक्त ढङ्गबाट कम्पनीबाट आयोजनाका बारेमा सूचना सार्वजनिक हुने कार्यको सुनिश्चितता गर्ने ।
- समस्या समाधानका लागि गुनासो सुनुवाइ संयन्त्र बनाउन कम्पनीलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) पालना सल्लाहकार एकाइबारे बृहत् जानकारी दिने ।
- नदीको जलप्रवाहमा आधारित जलविद्युत् आयोजनाका कारण प्रभावित क्षेत्रमा

पर्ने सामाजिक तथा सामाजिक सांस्कृतिक असर निम्तन नदिने तथा न्यूनीकरणका योजना ल्याउने ।

- स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरीको समीक्षा, सहजीकरण र पुनरावलोकन गर्ने ।

## अन्य लगानीकर्ताले गर्नुपर्ने काम

- लगानीकर्ताको स्वतन्त्र वातावरणीय तथा सामाजिक सल्लाहकारमार्फत नियमितरूपमा सुपरीवेक्षण गर्ने र सुपरीवेक्षण प्रतिवेदन तामाङ भाषामा समेत सार्वजनिक गर्ने ।
- लगानीकर्ताको स्वतन्त्र वातावरणीय तथा सामाजिक सल्लाहकारमार्फत पहिचान गरिएका आवश्यक सुधारका योजना तथा कम्पनीले गर्नुपर्ने काम सुनिश्चित गर्ने ।
- लगानीकर्ताको जवाफदेहितासम्बन्धी जानकारी आयोजना प्रभावित समुदायसमक्ष पुग्ने गरी प्रभावकारी र उपयुक्त ढङ्गले सार्वजनिक गर्ने ।
- नदीको जलप्रवाहमा आधारित जलविद्युत् आयोजनाका कारण प्रभावित क्षेत्रमा पर्ने सामाजिक तथा सामाजिक सांस्कृतिक असर आउन नदिने तथा न्यूनीकरणका योजना ल्याउन कम्पनी र आयोजना प्रभावित समुदायसँग सहकार्य गर्ने ।

## प्रोजेक्ट आइपिपी गभर्निङ बोर्डले गर्नुपर्ने काम

- आयोजनाबाट प्रत्यक्ष प्रभावित समुदायसँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिनका लागि कम्पनीलाई सघाउने ।
- आयोजनाको आदिवासी जनजाति योजना (आइपिपी), त्रिपक्षीय सम्झौता (टिपिए) र माग ढाचाँ (फ्रेमवर्क) सम्झौता (डिएफए) कार्यान्वयनका लागि तामाङ समुदायका परम्परागत सङ्घ/संस्थालाई सहयोग गर्ने । साथै समस्या समाधानका लागि बनाइएका संयन्त्रमा उनीहरूलाई भूमिका दिने ।
- आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयनमा महिलाको समान भूमिका सुनिश्चित गर्ने ।
- कम्पनीलाई आयोजनाका कागजात तामाङ भाषामा अनुवाद गर्न सहयोग गर्ने ।
- आदिवासी जनजाति योजना (आइपिपी) को प्रभावकारी कार्यान्वयनका लागि कम्पनी, आइपिपी गभर्निङ बोर्ड र कार्यकारी बोर्डसँग सहकार्य गर्ने ।
- आयोजनाको आइपिपीबारे सूचनाका लागि गाउँस्तरमा बैठकहरू गर्ने ।

- सांस्कृतिकरूपमा उपयुक्त तरिकाले वित्तीय हस्तान्तरण संयन्त्र निर्माणका लागि आयोजना प्रभावित क्षेत्रका समुदायसँग परामर्श लिने ।
- कम्पनी र अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) सँग सन् २०१८ (वि.सं. २०७५) को स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी समीक्षा, सहजीकरण तथा पुनरावलोकनका लागि सहकार्य गर्ने ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, ४९५७००५
इमेल : landrights@csrcnepal.org
वेबसाइट : www.csrcnepal.org